राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञावर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– २९, फागुन १३ गते शुक्रबार, २०७८ (25 Feb., 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# एमसीसीविरूद्ध संघर्ष उत्कर्षमा

## जुनसुकै मूल्यमा एमसीसी खारेज गर्न माग, रणमैदान बन्यो बानेश्वर क्षेत्र

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** देशभक्त नेपालीले चाल पाएदेखि नै चर्को विरोध हुँदै आएको 'अमेरिकी सहायता सम्झौता मिलेनियम च्यालेन्ज कर्पोरेशन' एमसीसी विरोधी आन्दोलन यतिबेला उत्कर्षमा पुगेको छ। नेपालमा जारी एमसीसी विरूद्धको संघर्ष गम्भीर मोडमा पुगेको निष्कर्ष निकाल्दै मोहन नेकपा, नेकपा क्रान्तिकारी (माओवादी), नेकपा मसाल लगायत ६ कम्युनिस्ट पार्टीले जुनसुकै मूल्यमा एमसीसी खारेज हुनुपर्ने मागसहित नयाँबानेश्वरस्थित संसद भवन घेराउ गर्नुका साथै देशभरका जिल्ला प्रशासन कार्यालय घेराउ गर्ने निर्णय गरे भने सत्तासाझेदार दलभित्रैका अधिकांश सांसदहरूहरुले समेत सो सम्झौता राष्ट्रघाती भएकाले पास गर्न असहमति व्यक्त गर्दै आइरहेका छन् ।

मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादी, नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा, मोहनविक्रम सिंह नेतृत्वको नेकपा मसाल, ऋषी कट्टेल नेतृत्वको नेकपा, चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चा, सीपी गजुरेल नेतृत्वको देशभक्त जनगणतान्त्रिक मोर्चा, आहुती नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी र कर्णजित बुढाथोकी नेतृत्वको नेकपा माओवादी केन्द्र समाजवादीको संयुक्त बैठकले एमसीसी खारेज गर्नुपर्ने निर्णय गरेको हो। ६ कम्युनिस्टका बैठकपछि जारी संयुक्त विज्ञप्तिमा संघीय राजधानी काठमाडौंको माइतीघर मण्डलाबाट विरोध प्रदर्शनसहित नयाँ बानेश्वरस्थित संसद भवन घेराउ गर्ने र अन्य सबै जिल्लामा प्रदर्शनसहित जिल्ला प्रशासन कार्यालय घेराउ गर्ने बताइएको छ।

अमेरिकी राजदूत र्‍याण्डी बेरीका ट्वीट, चीनको विदेश विभागको पत्रकार सम्मेलनबाट व्यक्त धारणा र एमसीसी संसदबाट पारित गराउने नेपाल सरकारको अन्तिम कसरतले एमसीसी

क्रमशः अन्तिम पृष्ठमा

# निर्वाचनको तयारीमा लाग्न प्रचण्डको निर्देशन




**काठमाडौं ।** आसन्न स्थानीय तहको निर्वाचनको तयारी लाग्न नेकपा (माओवादी केन्द्र)ले सम्पूर्ण पार्टी पंक्तिलाई निर्देशन दिएको छ। अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक सर्कुलरमार्फत पार्टी संगठनलाई क्रियाशील बनाउँदै आसन्न निर्वाचनको तयारीमा जुट्न निर्देशन दिएका हुन् ।

माओवादी केन्द्रले पार्टीको केन्द्रीय समितिको बैठक बसेर ठोस कार्ययोजना तयार नहुँदासम्मका लागि यही सर्कुलरका आधारमा पार्टीको गतिविधिलाई अगाडि बढाउन र स्थानीय तहको वडासम्म उम्मेदवारको रोष्टर तयार पार्न निर्देशन दिएको छ। जिल्ला समन्वय समिति, नगर, गाउँ वडालगायत सबै तहका पार्टी समिति र विधानले व्यवस्था गरेबमोजिम सबै तहका ज्येष्ठ कम्युनिस्ट मञ्च, सल्लाहकार समिति, परिषद र विभागलाई पूर्णता दिन समेत सोही सर्कुलरमा आग्रह गरिएको छ।

सोही सर्कुलरमा एक वडा न्यूनतम तीन टोल, एक टोल न्यूनतम एक सेल हुनुपर्ने पार्टीको निर्णयलाई लागू गर्दै सबै संगठित

क्रमशः अन्तिम पृष्ठमा

# खेल, रजश्वला, खानपान र यौनजीवन



समय-सन्देश
प्रा.डा. दिनेश बाँस्तोला

शारीरिक तथा मानसिकरूपमा पुरुष र महिलाको वृद्धि-विकास फरक किसिमले हुने गर्छ। महिला खेलाडीका सन्दर्भमा कुरा गर्नुपर्दा उमेरसमूहको छनोट सन्तुलन नभएको खण्डमा खेलमा राम्रो सफलता नमिल्न सक्दछ। कुरा खेलकुदको मात्र होइन, उचित उमेरसमूहको सन्तुलत नभएमा यौनजीवन समेत सुखद् नहुन सक्दछ।

यस आलेखमा भने महिला खेलाडीको खेल, खेलजीवन तथा खानपानलगायतबारे चर्चा गरौं। खेल सन्तुलित नभएको खण्डमा महिला खेलाडीमा क्रमभङ्गता, रजश्वला नहुने तथा हड्डीमा छिद्र पर्नेजस्ता समस्या हुन सक्छन् । शारीरिक तथा मानसिकरूपमा अस्वस्थ भएमा यौन जीवन सुखद् त नहुने नै भयो।

### खानपानको क्रमभङ्गता : यस्ता दुष्परिणाम

तौल घटाउने नाममा खानपान कम गर्दा शरीरलाई आवश्यक शक्तिको पूर्ति हुन सक्दैन। लामो समयसम्म पर्याप्त खानपान नगरेमा खानपानमै क्रमभङ्गता हुन्छ र त्यसले जटिल स्वास्थ्य समस्या निम्त्याउन सक्छ। यसो भएमा खानपान गर्न मन नलाग्ने समस्या हुन्छ। खाने क्रमभङ्गता भएमा खाने कुरा देख्नासाथ बान्ता हुनेजस्ता समस्या पनि हुन सक्छन् । यस्तो अवस्थामा खेल खेल्दा नतिजा आफ्नो हातमा आउने सम्भावना कमै मात्र हुन्छ।

यथेष्ट अर्थात् सन्तुलितरूपमा खानपान नगरेमा यौनमा पनि रुचि हुँदैन र सुखद् यौनको कल्पनासम्म पनि गर्न सकिँदैन। यस्तो अवस्थामा यौन सम्पर्क गर्नु पनि हुँदैन। यौनजीवन तथा खेललाई आनन्दित तथा सन्तुलित बनाउन

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- २९, फागुन १३ गते शुक्रबार, २०७८

सम्पादकीय

# स्थानीय चुनाव र विद्यमान आशङ्काहरू

नयाँ वर्ष २०७९ को सुरुआतसँगै नेपालमा स्थानीय तहको चुनाव हुने पक्कापक्कीजस्तै वातावरण बनेको छ। यद्यपि कयौं आशंका, व्यवधान र जटिलता भने कायमै छन्।

सामान्यतः लोकतन्त्र वा प्रजातन्त्रका करिव आधा दर्जन आधारभूत मान्यताहरूमध्येको एक हो- आवधिक निर्वाचन र सोही निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूद्वारा शासन सञ्चालन। तर, नेपालमा यो मान्यता प्रचारप्रसारको, ओठे प्रतिबद्धताको र विपक्षीमाथि आक्षेप लगाउने अस्त्रको रूपमा मात्र दुरुपयोग हुँदै आएको छ। सत्तामा रहेकाहरूले सामान्यतः आफू अनुकूलको वातावरण जुन बेला हुन्छ, त्यही बेला चुनाव गराउने र चुनावमार्फत जनअनुमोदित भएको स्वाङ पार्दै फेरि आफैं सत्तामा फर्कने अर्थात् आफूलाई 'चोख्याएर' पुनर्स्थापित गर्ने माध्यमका रूपमा मात्रै चुनाव गराउने गरेका छन्।

साढे चार वर्षअघि निर्वाचित भएका भनिएका 'जनप्रतिनिधि' हरूको कार्यकाल सकिएको र राजनीतिक माहोल पनि क्रमशः निर्वाचनउन्मूख नै हुँदै गएकाले ०७८ वैशाखको अन्त्यमा स्थानीय तहको दोस्रो निर्वाचन हुने भएको छ। 'साम-दाम-दण्ड-भेद' का रणनीति अख्तियार गर्दै स्थानीय तहमा आफ्नो कब्जा जमाउन 'शक्तिशाली' भनिएका संसद्वादी राजनीतिक दलहरू अग्रसर देखिन थालिसकेका छन्। कामना गरौं- आम जनतासँग प्रत्यक्ष सरोकार हुने स्थानीय तहका पदाधिकारीहरू छानिने यो निर्वाचन 'बेल पाक्दा कागजलाई हर्ष न बिस्मात' भने झैं नहोस्।

## खेल...

सन्तुलित खानपान जरुरी हुन्छ र कम्तिमा छ घन्टा आनन्दका साथ निदाउनुपर्छ।

सन्तुलित खानपान नहुँदा शारीरिक तथा मानसिकरूपमा स्वस्थ रहने शक्ति प्राप्त हुँदैन। धेरै व्यायमका कारण पनि शक्तिको कमी हुन्छ। यो अवस्थामा गर्दा हर्मनहरू निस्कन्छन्। सामान्यरूपमा हर्मनको नियमनका कारण नै रजश्वला हुने हो।

खेलकुदको अभ्यास र खानपान एक्कासि बदलिएमा रजश्वलामा समेत समस्या निम्तने जोखिम हुन्छ। यो स्थितिमा खेल र सन्तुलित खानपानमा ध्यान दिनु आवश्यक हुन्छ। कडा खेलकुद तथा खानपानमा अनसन्तुलनका कारण कतिपय महिलामा शरीर धेरै चलायमान नहुने तथा रजश्वला नै नहुने समेत जोखिम हुन्छ। खानपान तथा तालिमका कारण यौनजीवनलगायतमा निम्तन सक्ने समस्याप्रति सजग हुनु आवश्यक हुन्छ।

शरीर कार्यविज्ञानअनुसार रजश्वलापूर्व, रजश्वलाको अवधि र रजश्वला भएको करिव दस दिन पछिसम्म क्षमता प्रदर्शन गरेर राम्रो परिणामा ल्याउन कठिन हुन्छ। यस्तो अवस्थामा खेल खेल्दा ध्यान दिनुपर्छ। यो अवस्थामा यौनसम्पर्क गर्दा समस्या निम्तन सक्छ। यस्तो अवस्था खेलकुदमा भाग लिँदा शरीर दुख्नेलगायतका समस्या हुन्छन्।

हर्मन सन्तुलित भएको अवस्थामा नै यौनेच्छा जाग्छ, आकाङ्क्षा बढ्छ, क्रियाकलाप पनि स्वाभाविक हुन्छ। हर्मन नै असन्तुलन भएको अवस्थामा यौन सन्तुष्टि मिल्दैन। अतः महिला खेलाडीहरूले सन्तुलितरूपमा खेलकुद तथा खानपान गर्ने कुरामा मनग्गे ध्यान पुऱ्याउनुपर्छ।

रजश्वलाका बेला हर्मनमा उतारचढाव हुन्छ। त्यसैले यस्तो अवस्थामा कडा किसिमका खेल नखेल्नु तथा यौनसम्पर्क नगर्नु नै उपयुक्त हुन्छ। डिम्ब निष्काषन हुने अवस्थामा घुँडाको अगाडि भागको लिगामेन्टमा चोट लाग्ने जोखिम पनि त्यत्तिकै हुन्छ; त्यसैले यो विषयमा ध्यान पुऱ्याउनुपर्छ।

### खेल र यौनमा प्रभाव

खानपान तथा खेलकुदको असन्तुलनका कारण महिला खेलाडीमा स्ट्रोजेन र पोषणको कमी हुन्छ। यसो हुँदा शरीरमा क्याल्सियमको कमी हुन्छ, जसले गर्दा खेल र यौन दुवैमा कमजोर हुन्छन्। अझ भन्नुपर्दा, महिलाको खानपान र खेलकुद दुवै असन्तुलित भएमा यौनजीवनमा नै भद्रगोलको स्थिति सिर्जना हुन सक्छ।

खेलजीवन, यौनजीवन र समग्र जीवनका लागि विशेषतः महिला खेलाडीले सन्तुलित खानपान तथा सन्तुलित खेलमा ध्यान दिनैपर्छ। र, उमेरसमूह तथा रजश्वलाको अवस्थालाई पनि ध्यान दिनु आवश्यक हुन्छ। (होलेस्टिकबाट)

## अमेरिकी...

एमसीसीले ठाडै अस्वीकार गरिदिएको छ। त्यो अडानमा अमेरिकीहरू अडिग छन् भने एमसीसीको विरुद्ध नेपालमा असोचनीय रूपले प्रतिरोध बढ्दै गएको छ।

*तालिका-२ः (झलनाथ खनाल कार्यदलका मुख्य सुझावहरू)*

१. एमसीसी आईपीएसको अंग होइन भनेर अमेरिकाले लिखित रूपमा जवाफ दिनुपर्ने।

२. एमसीसी परियोजनामा करिब १३ अर्ब नेपालले लगानी गर्ने प्रक्रिया गलत।

३. बौद्धिक सम्पत्तिमा नेपालको अधिकार हुनुपर्ने।

४. परियोजनाको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयले गर्नुपर्ने।

५. अमेरिका र नेपालको नितान्त द्विपक्षीय सम्झौता हो भन्ने स्पष्ट भाषामा उल्लेख हुनुपर्ने।

६. यो परियोजना हुबहु अनुमोदन भए नयाँ नजिर बस्ने र अन्य देशहरूको सहमति–सम्झौताका लागि नकारात्मक आधार तयार पार्ने भएकाले संशोधन हुनुपर्ने।

७. नेपालको कानुन र संविधानमाथि हुनेगरी सम्झौता सच्याउनुपर्ने।

८. सम्झौता संशोधन नभए जतिसुकै ठूलो सहयोग भए पनि स्वीकार नहुने।

९. एमसीसी परियोजनाको मूल सम्झौता गर्दा अन्य सहायक सम्झौता पनि भएको र ती सम्झौताबारे परराष्ट्रमन्त्रालयलाई नै गुमराहमा राखिएको कार्यदलको ठहर छ। त्यसो हो भने त्यस्तो देशद्रोह गर्ने तत्वहरूलाई कार्यदलले सार्वजनिक गर्नुपर्ने।

*(छ) चीन घेर्ने पश्चिमा रणनीति ः*
चीनको अकल्पनीय बढ्दो शक्ति र चीन-रुस-इरान-पाकिस्तान गठबन्धनबाट अमेरिकी गठबन्धन छट्पटाएको छ। कोरोना र अफगानिस्तानमा अमेरिकी असफलताले अमेरिकी युगको अन्त्य भएको संकेत गरेको छ। अमेरिकाप्रतिको विश्वास ज्यामितीय रूपमा घट्दै गएको छ। चीन-रुस र हालै रुस-जर्मनी प्राकृतिक ऊर्जा सम्झौता तथा अफगानिस्तानमा चीनको बढ्दो प्रभावले पुराना शक्तिहरूको पतनको दिन नजिकै आएको अनुमान गर्न थालिएको छ। यस्तो अवस्थामा भारतलाई रिझाई नेपालमा सैन्य अखडा बनाएर चीन घेर्ने रणनीतिअनुसार एमसीसी बोकेर अमेरिका नेपालको आकाशमा गिद्धझैं नाचिरहेको छ।

अमेरिका नेपालमा सैन्य अखडा बनाउन चाहन्छ भन्ने चौतर्फी आशंका छ। त्यो सत्य हो भने मिसाइल चार्ज गर्नका लागि ४०० केभी क्षमताको प्रसारण लाइन आवश्यक हुन्छ। त्यसैगरी स्तरीय सडक फौजी गतिविधिको लीगि अनिवार्य सर्त हो। त्यसैको लागि अमेरिकाले विद्युत प्रशारण लाइन र सडक रोजेको ठानिन्छ। अर्कोतिर एमसीसी परियोजनाको कार्यक्षेत्र चीनद्वारा प्रस्तावित केरुङ-काठमाडौं-मुग्लिन-पोखरा र मुग्लिङ-लुम्बिनी रेलमार्गभित्र पर्दछ। जसको विषयमा चीनले सम्भाव्यता अध्ययन (DPR) गरिरहेको छ। एमसीसी सम्झौता लागु भएमा यसले चिनियाँ रेलमार्ग सम्भाव्यता अध्ययनमा व्यवधान हुनेछ। हालै इराक सरकारले अमेरिकाबाट फर्कन अनुरोध गर्दा आफ्नो तर्फबाट ठूलो लगानी भएको कारण लगानी सुरक्षा गर्न बस्नैपर्ने भन्दै फर्किन मानेको छैन। अमेरिकाले एकपल्ट पाइला टेक्न पायो भने भियतनाम वा अफगानिस्तानबाहेक अन्य तरिकाले फर्किने छैन। आफ्नो नेपाल भ्रमणको क्रममा चिनियाँ राष्ट्रपति सी जिङपिङले चीनको विरुद्ध लाग्नेको हड्डी पिस्ने धम्कीले यो परियोजनाको गुरुत्व बुझ्न सकिन्छ। चीनको विरुद्ध दक्षिण कोरिया, फिलिपिन्स र जापानमा अमेरिकाको सैन्य अखडा छ। ताइवानलाई अमेरिकाले नै पालेको छ। तर चीनको सबैभन्दा कमजोर कडी तिब्बत र पश्चिम-दक्षिण चीनको सिनजियाङमा घुसपैठ गर्न ती भूभागबाट सहज छैन। त्यसको लागि पाकिस्तान र नेपाल (मूलतः नेपाल) हुन्। त्यसैले अमेरिकालाई घेर्न नेपाल निर्विकल्प बनेको छ। नेपालमा एमसीसी परियोजनाको विरुद्ध जनमत बढ्दै गएको अवस्था, देउवा नेतृत्वको अनुकूल सरकार र अमेरिकी कूटनीतिज्ञहरू एमसीसी पारित गर्ने उद्देश्य हुन लागेको भ्रमणको पूर्वसन्ध्यामा नेपाल र एमसीसीबीच प्रश्न-जवाफ आदानप्रदान भएको छ तर त्यसले वातावरण झन् उत्तेजित भएको छ।

*तालिका-३ः (नेपाल सरकारले एमसीसीलाई पठाएका प्रश्नहरू)*

१) एमसीसीसँग सम्झौताको पछाडि नितान्त निःस्वार्थ सहयोग रहेको थियो भन्ने आधार के हो ?

२) नेपाल प्राथमिकतामा पर्नुको कारण सैन्य रणनीतिअन्तर्गत होइन भन्ने आधार के छ ?

३) एमसीसीसँग सम्झौता नेपालको आफ्नो आवश्यकता र मागबमोजिम भएको हो ?

४) अमेरिकाले दिने नेपालले लिने सामान्य प्रकारको अनुदानलाई 'अन्तर्राष्ट्रिय सम्झौता' भन्नुपर्ने आवश्यकता किन पऱ्यो ? तर अन्तर्राष्ट्रिय सम्झौता भनी एमसीसी सम्झौता समावेश गरी नेपालको संविधान र कानुनलाई कमजोर पार्न खोजेको देखिन्छ। सम्झौताको दफा ७.१ अनुसार त्यो होइन भन्ने आधार के छ ?

५) कैयौं विकास निर्माण तथा लगानीसम्बन्धी सम्झौताहरू संसदीय अनुमोदनका लागि आवश्यक देखिएनन्। यो सम्झौतालाई अनुमोदन किन आवश्यक पऱ्यो ?

६) सम्झौताको संसदीय अनुमोदन भएपछि सम्झौताका अंश वा परियोजनामा हुने संशोधनलाई संसदीय अनुमोदन किन आवश्यक नपर्ने हो ?

७. के एमसीसी आईपीएसको मातहत छ ?

८. के नेपाल आईपीएसको सदस्य भएको छ वा सदस्य हुन मिल्छ ?

९. एमसीसी सन् २००४ मा बनेको तर आईपीएस सन् २०१७ मा बनेको कसरी मातहत हुन सम्भव छ ?

१०. एमसीसी कम्प्याक्टपछि गरिएका सम्झौताहरू किन सार्वजनिक नभएका हुन् ?

११. सम्झौतामा भएका निम्नदफा विवादित विषयलाई कसरी प्रस्ट पार्नुपर्छ ?

*(ज) असंलग्न परराष्ट्र नीतिप्रति नै प्रश्न*
दोस्रो विश्वयुद्ध (१ सेप्टेम्बर १९३९-२ सेप्टेम्बर १९४५) पछि जापान, जर्मनी र इटाली (ध्रवी राष्ट्र) पराजित भए। बेलायत, अमेरिका र सोभियत संघ/ध्रुवी राष्ट्र थिए। दोस्रो विश्वयुद्धको अन्त्यपछि रुस र अमेरिका दुई ध्रुव टकराउन थाले। रुसले वार्सा र अमेरिकाले नेटो सैन्य संगठन निर्माण गरे। सैन्य गठबन्धनमा नरहेका र रहन नचाहने देशहरू चेपुवामा पर्न थाले। त्यसै अवस्थामा सन् १९५५ अप्रिलमा इन्डोनेसियाको राजधानी जकार्तामा अफ्रिका-एसिया सम्मेलन (Afro–Asian Conference) सम्पन्न भयो जसमा एसियाबाट बर्मा, भारत, सिलोन र पाकिस्तान सहभागी थिए। त्यसले शीतयुद्धमा सहभागी नभएका देशहरूको अलग्गै संगठनको परिकल्पना गऱ्यो। १९६१ अप्रिलमा असंलग्न आन्दोलन (Non–aligned Movement) गठन भयो। यसको स्थापनामा भारतका जवाहरलाल नेहरू, मिश्रका गमाल अब्दुल नसिर, घानाका क्वामे एन्क्रूमा र युगोस्लाभियाका डा. सुक्राणोको विशेष भूमिका थियो। सन् २०१२ सम्म यसका १२० देशहरू सदस्य भैसकेका छन्। यो संयुक्त राष्ट्रसंघको सबैभन्दा ठूलो गठबन्धन हो।

असंलग्न आन्दोलन (NAM) को हवाना घोषणापत्र (सन् १९७९) मा सदस्य देशहरूले एक-अर्कोप्रति 'स्वतन्त्रता, सार्वभौमिकता, क्षेत्रीय एकता, सुरक्षा, संवर्द्धन गर्ने, साम्राज्यवाद, औपनिवेशिकवाद, जातिवाद, रंगभेद, विदेशी आक्रमण, सैन्य अधिकरण र हस्तक्षेपको विरोध गर्ने भनिएको छ। त्यसैगरी २९ अप्रिल १९५४ मा जवाहरलाल नेहरूको प्रस्तावमा चीन र भारतको बीचमा 'पञ्चशीलका ५ सिद्धान्त' मा आपसी हस्ताक्षर भयो।

जसमाः- (१) एक-दोस्रोको सम्प्रभुसत्ता र अखण्डताको सम्मान, (२) परस्पर अनाक्रमण, (३) एक-अर्कोका आन्तरिक मामिलाहरूमा हस्तक्षेप नगर्ने परस्पर सहमति, (४) समानता र परस्पर लाभकारी सम्बन्ध, (५) शान्तिपूर्ण सहअस्तित्व; असंलग्न आन्दोलनको संस्थापकमध्ये एक भए पनि अनौपचारिक रूपमा भारत र रुस सैन्य गठबन्धनमा थिए। नेहरूको त्यो दोहोरो चरित्रलाई उनकी छोरी इन्दिरा प्रियदर्शनी गान्धी (१९१७-१९८४) ले उत्कर्षमा पुऱ्याइन्। सन् १९७१ मा भारत-सोभियत संघका बीचमा शान्ति, मैत्री र सहकार्य' २० बर्से सैन्य सम्झौता भयो। त्यो मूलतः सैन्य सम्झौता थियो। निकिता सरगेयेभिच ख्रुस्चोब (१८९४-१९७१) र पण्डित जवाहरलाल नेहरू (१८८९-१९६४) ले यो गठबन्धनको जग हालेका थिए। अहिले पनि भारतको ७० प्रतिशत रक्षा कारोबार रुससँगै हुन्छ। रुसी महासंघको विघटन र यता भारतमा मोदीकालको उदयसँगै भारत संयुक्त राज्य अमेरिकाको नजिक बन्दै गएको छ। त्यसैक्रममा २७ मे २०२१ मा भारत, जापान, अस्ट्रेलिया र अमेरिका संलग्न चतुष्पक्षीय समूह (uadrialateral group) बनेको छ। यसले गुलियारा-ब्लादिवोस्तोक-चेन्नई जलमार्गको सम्भाव्यता अध्ययनलाई प्राथमिकतामा राखेको छ। यो सम्झौतालाई चीनविरोधी गठबन्धन मानिएको छ। यी चारैवटा चीनका विरुद्ध आक्रामक छन्। यसरी भारत असंलग्न आन्दोलन र पञ्चशीलको सिद्धान्तबाट बाहिर निस्केर अमेरिकी गठबन्धनमा प्रवेश गरेको छ। हालै नेपाली आकाशमा भारतीय सैन्य विमानले गरेको बारम्बारको अतिक्रमण नेपाललाई अमेरिकी गठबन्धनमा तान्न दिइएको दबाबका रूपमा हेरिएको छ। त्यसो त सन् १९५० को 'शान्ति तथा मैत्री सन्धि' ले नेपाललाई भारतीय सैन्य गठबन्धनमा राखेकै छ। यद्यपि नेपाल असंलग्न आन्दोलनबाट औपचारिक रूपमा हटेको छैन। कांग्रेस, एमाले र सेनासहित कर्मचारीतन्त्रले नेपाललाई असंलग्न आन्दोलन (NAM)बाट हटाएर अमेरिकी गठबन्धनमा समावेश गराउन चाहेको देखिन्छ। यसको प्रारम्भिक कदम एमसीसी परियोजना हो। भारत औपचारिक घोषणा नगरी असंलग्न आन्दोलनबाट हटेको र अमेरिकी गठबन्धनमा समावेश भएको वर्तमानमा नेपाललाई पनि अमेरिकी गठबन्धनमा घिसार्ने प्रयास भइरहेको छ।

*(झ) अमेरिकी प्रभाव विस्तारको तेस्रो आयाम*
दोस्रो विश्वयुद्ध समाप्त भएपछि सूर्यास्त नहुने देश बेलायत दाह्रा-नंग्रा फुक्लेको बाघजस्तै भयो। जापान, जर्मनी र इटली सर्वनाश भए। युद्धले युरोप जीर्ण भएको र मानवीय संकट उत्कर्षमा थियो। त्यस्तो अवस्थामा अमेरिकाले मार्सल प्लान (१९४८) अघि साऱ्यो जसले सुरक्षा र आर्थिक सहयोग, पुनर्निर्माणद्वारा प्रभुत्व विस्तार गऱ्यो। यसले अमेरिकी प्रभावलाई विश्वव्यापी विस्तार गऱ्यो। बर्लिन पर्खाल ९ नोभेम्बर १९८९ मा ढलेसँगै शीतयुद्धको समाप्ति अमेरिकाका पक्षमा भयो।

आफ्नो विश्वव्यापी प्रभाव विस्तारका लागि अमेरिकाले नवउदारवादी नीति प्रस्ताव गऱ्यो जसलाई निजीकरण र भूमण्डलीकरण भनियो। अमेरिकाका ४०औं राष्ट्रपति रोनाल्ड विल्सन रेगन (१९११-२००४) ले 'सरकार स्वयम नै विकासको समस्या हो र निजी क्षेत्र समाधानको उपाय हो' भनेका थिए। नवउदारवादले 'संरचनागत सुधार र निजीकरण' दाताहरूको पूर्व-सर्त बनायो। यसको परिणाम विश्वभरि परनिर्भरता बढ्यो र अमेरिकी प्रभाव एकछत्र भयो। २०४६ सालपछि भित्रिएको (पञ्चायती कालमा धिमा गतिमा थियो) उदारवादले चीन र रुसले बनाइदिएका सम्पूर्ण राष्ट्रिय गौरवका आयोजना क्रमशः भर्तीकेन्द्र, भ्रष्टाचार, निजीकरण र बन्द भए।

उदारवादलाई स्थायित्व दिन राजनीतिक हस्तक्षेप तीव्र भयो। भारतमा नै १९८०-०९१ एक दशकमा ३ जना प्रधानमन्त्री हत्या, राजनीतिक अस्थिरतापछि अमेरिकी उदारवादबाट दीक्षित मनमोहन सिंह प्रम भए। त्यसपछि अमेरिकी पथगामी नरेन्द्र मोदीको उदय भयो। नेपालमा राजा वीरेन्द्रको हत्यालाई त्यसरी नै हेरिन्छ। आज अमेरिका विश्वव्यापी संकटबाट गुज्रिरहेको छ। चीनलाई रोक्न र अमेरिकी प्रभावलाई कायम राख्न उसलाई तेस्रो आयामको आवश्यकता छ जसका लागि एसियाको सस्तो श्रम, कच्चा पदार्थ र जमिनमा चीनलाई रोकेर एकाधिकार गर्नुछ। त्यसैका लागि हिन्द-प्रशान्त रणनीति (Indo–Pacific Strategy) ल्याइएको हुनसक्छ। एमसीसी त्यसैको पहिलो द्वार मानिएको छ। त्यसैले एमसीसी कतिपय अमेरिकाबाट दीक्षित र पालित-पोषित नवउदारवादका दासले भनेझैं न सामान्य विषय हो, न त विकासे नारा मात्रै हो।

*(ञ) जलस्रोत र युरेनियम गिद्दे-दृष्टि*
काठमाडौंबाट १३२ किमि दक्षिण हेटौंडा र हेटौंडाबाट करिब ४५ किमि पूर्व-दक्षिण चुरेमा छ बकैया गाविस-३ (साबिक धियाल गाविस-३) तीनभंगाले गाउँ। त्यहाँ अपरिचित व्यक्तिहरूसहित विदेशीहरू आउजाउ गर्ने, ड्रिल गर्ने, माटो लग्ने क्रम चार दशकदेखि चलिरहेको छ। २०६८ को मध्यतिर विश्वविद्यालयको शोधपत्र तयार गर्दछु भन्ने एकजना युवाले १ किलोग्राम माटोका लागि १५ सय रूपैयाँ दिएर गएपछि गाउँलेहरूले चर्चा

क्रमशः अन्तिम पृष्ठमा

# अमेरिकी प्रभुत्वको तेस्रो आयाम : एमसीसी

विकासे नाराको आडमा आएको अमेरिकी औपनिवेशिकताको नयाँ आयाम 'सहश्राब्दी चुनौती निगम (Millennium Challenge Corporation) का सन्दर्भमा बहसहरू जारी छन् जसलाई जनस्तरमा सही सूचना पुऱ्याउन र मानव समुदायको हितार्थ कामहरू चाल्न आवश्यक छ। त्यही उद्देश्यलाई केन्द्रमा राखेर यो आलेख तयार गरिएको छ।

(क) औपचारिक अर्थमा कम्पनी

एमसीसी सन् २००४ मा अमेरिकी संसदद्वारा स्थापित एउटा द्विपक्षीय 'संयुक्त राज्य विदेशी सहायता एजेन्सी' हो। यो अमेरिकी सहयोग नियोग 'यूएसए आईडी' बाट स्वतन्त्र संस्था हो। असल आर्थिक नीतिहरू र आर्थिक विकास गर्नसक्ने आधार भएका देशहरूलाई यो सहयोग प्रदान गरिन्छ। यसको मुख्यालय संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसीमा रहेको छ।

एमसीसीमार्फत नेपालमा प्रस्तावित रकमले उच्च क्षमताको (४०० केभी) विद्युत प्रसारण लाइन, ३ वटा सब-स्टेसन, नेपाल-भारत सीमापार प्रसारण लाइन र ९९ किलोमिटर सडक स्तरोन्नति गर्ने प्रस्ताव छ। काठमाडौं जिल्लाको उत्तरी भेग लप्सीफेदीबाट नुवाकोट जिल्लाको दक्षिण-पश्चिम (गल्छी-देवीघाट सडकखण्डमा पर्ने रातामाटे)बाट दमौली (तनहुँ) हुँदै पश्चिम नवलपरासी जिल्लाको सुनवलसम्म ३१२ किमि प्रसारण लाइन निर्माण गर्ने प्रस्ताव छ। त्यहाँबाट भारतको गोरखपुरसम्म विस्तार गरिने भनिएको छ। सडकतर्फ चन्द्रौटा-भालुबाङ-लमही-शिवखोला गरी ९९ किमि सडकको स्तरोन्नति गर्ने भनिएको छ। सन् २००१ मा अमेरिकाको (२००१-०९-११) जुम्ल्याहा भवनमा आक्रमण भएपछि भएका विभिन्न आर्थिक बहस र दाताहरूको सम्मेलनमा 'गरिबी र पछौटेपन नै आतंकवादको कारण' भन्ने निष्कर्षपछि एमसीसीको अवधारणा बनेको दावी गरिन्छ।

(ख) नेपालमा एमसीसीको नालीबेली

२०६८ माघ २५ गते डा बाबुराम भट्टराई प्रधानमन्त्री र वर्षमान पुन अर्थमन्त्री रहेको सरकारले एमसीसी परियोजना स्वीकृत गरेको हो। प्रचण्ड समेतको सहमतिमा एमसीसीलाई आमन्त्रण गरियो र प्राथमिकताका कार्यक्रमहरू छनोट गरियो। अमेरिकाले माओवादीलाई हेर्ने दृष्टिकोण औपचारिक रूपले नबदलेको र अन्तर्राष्ट्रिय अदालत (जसलाई हेग अदालत पनि भनिन्छ)को तरबार प्रचण्डको गर्धनमा झुन्डिरहेको अवस्थामा प्रचण्डले एमसीसीलाई मोलमोलाइको साधन (बार्गेनिङ चिप्स) बनाउने अवसरका रूपमा लिएको ठानिन्छ। त्यही रणनीतिअनुसार प्रचण्डले सम्पर्क सूत्रको माध्यमले एमसीसीको समर्थन चाहने भए आफ्नो पार्टीप्रतिको धारणा बदल्न दबाब दिए। अमेरिकीहरू केपी ओली र शेरबहादुर देउवामाथि नै भर परेको देखिन्छ र प्रचण्डलाई उनीहरूको अपेक्षाअनुसारको महत्व दिएनन्। यसरी आफैंले भित्र्याउने, आफैंले अवरोध गर्नुपर्ने वा गति दिन नसक्ने अकर्मण्य अवस्थामा माओवादी केन्द्र पुगेको छ। यही परिस्थितिमा चिनियाँहरूले आफ्ना सम्पर्क सूत्रमार्फत दबाब बढाएका छन्। एमसीसी पारित गर्न पूर्वसभामुख कृष्णबहादुर महराले अवरोध गरेको भन्ने पूर्वप्रम ओलीको आरोप यहीँनेर अर्थपूर्ण देखिन्छ।

२०७० मा सर्वोच्च अदालतका न्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा सरकार गठन भयो। सोही सरकारले २०७० पुस २१ गते परियोजनाअन्तर्गत कार्यक्रम छनोटका लागि विज्ञ समूह (कन्सल्ट्यान्ट) गठन गऱ्यो जुनबेला अर्थमन्त्री शंकरप्रसाद कोइराला थिए। २०७१ माघमा एमसीसी परियोजनाले नेपालको आयोजना छनोटलाई स्वीकृत गऱ्यो। प्रधानमन्त्री सुशील कोइराला र अर्थमन्त्री रामशरण महतले परियोजनालाई तीव्रता दिए।

२०७४ जेठमा प्रचण्ड प्रधानमन्त्री र अर्थमन्त्री कृष्णबहादुर महरा भए। सोही सरकारले परियोजना सम्बन्धी अन्तिम निर्णय गर्न भनी नेपाल सरकार र एमसीसीबीचमा द्विपक्षीय वार्ताटोली गठन गऱ्यो। यो माओवादी केन्द्रको पुरानै स्वार्थअनुसारको मोलतोल थियो। त्यसमा ठोस सहमति नहुँदै साउनमा सरकार ढल्यो र शेरबहादुर देउवा प्रम भए। देउवा सरकारले मन्त्रिपरिषद्द्वारा सो परियोजना २०७४ भदौ २९ मा स्वीकृत गऱ्यो। त्यसबेला परराष्ट्रमन्त्री ज्ञानेन्द्रबहादुर कार्की थिए। मन्त्रिपरिषद्को निर्णयसहित एमसीसी कार्यालयमा पुगेर कार्कीले नेपाल सरकारका तर्फबाट हस्ताक्षर गरे। २०७६ असार ३० गते प्रम ओलीले उक्त सम्झौता कार्यान्वयनको अन्तिम र महत्वपूर्ण प्रक्रियाअन्तर्गत दर्ता गराए तर प्रमको पटक पटकको ताकेतापछि पनि सभामुख महराले सदनमा निर्णयार्थ प्रस्तुत नै गरेनन्। वर्तमान सभामुख अग्निप्रसाद सापकोटाले पनि महराकै विरासतलाई निरन्तरता दिइरहेको अनुमान छ।

(ग) प्रक्रिया मिचेर कार्यान्वयन

आर्थिक वर्ष २०७७/०७८ मा सार्वजनिक गरिएको नेपाल सरकार, महालेखा परीक्षक कार्यालयले प्रक्रिया पूरा नगरीकन नै एमसीसी परियोजना लागू गर्ने कार्य प्रारम्भ गरिएको भन्दै निर्देशनात्मक प्रतिवेदन बुझाएको छ। एमसीसी सम्झौता धारा-७ अनुसार पक्षहरूबीच सम्झौता हुनुपूर्व र सोही सम्झौताको धारा ७ (२) अनुसार संसदीय अनुमोदन भएपछि मात्र कार्यान्वयनको चरणमा जाने प्रावधान छ तर सदनमा निर्णयार्थ प्रस्तुत नै नभएको स्थितिमा काठमाडौं दरबारमार्गमा केन्द्रीय कार्यालय, हेटौंडामा प्रदेश कार्यालय, नुवाकोट, विदुर र पाल्पामा 'फिल्ड अफिस' खोलिएको छ भने विभिन्न स्थानमा जग्गा अधिग्रहण समेत गरिएको छ। अझ लज्जास्पद त के भने द्रव्य-पिचास सञ्चारहरूमा आयोजनाका पक्षमा जनमत तयार गरेर सदन र दलहरूमाथि दबाब सिर्जना गर्ने उद्देश्यले विज्ञापन प्रकाशन-प्रसारण गरिएको छ। त्यसक्रममा आ.व. २०७६/०७७ मा २३ करोड १६ लाख खर्च गरिएको छ जुन कार्य सार्वजनिक खरिद ऐन, २०६३ दफा २९ प्रतिकूल पनि देखिन्छ। अपारदर्शी ढंगले महंगो, अनावश्यक र देशमै उपलब्ध हुँदाहुँदै भारत र पश्चिमा परामर्शदाता नियुक्त गरिएको छ।

(घ) एमसीसी रणनीतिको मर्म

मार्च १८७७ मा अमेरिकाका तत्कालीन राष्ट्रपति एच ग्रान्टले २ वर्ष ६ महिनासम्म पानीजहाज र स्थलबाट विश्वभ्रमण गरे। उक्त भ्रमणपछि ग्रान्टले 'भविष्यमा चीन संसारका सबै शक्तिराष्ट्रहरूका लागि चुनौती बन्न सक्छ' भनेका थिए। आज पुराना शक्तिहरूले त्यो महसुस गरिरहेका छन्। त्यसैले फौज र आर्थिक दुई साधनद्वारा चिनियाँ प्रभावलाई कमजोर पार्ने रणनीतिअनुसार एमसीसी परियोजनाको परिकल्पनामा गरिएको देखिन्छ। विशुद्ध आर्थिक परियोजनाका लागि त चीनको 'चाइना एड', जापानको 'जाइका', जर्मनीको 'जेटीजेड' जस्तै अमेरिकाको 'अमेरिकी सहयोग नियोग (यूएसएआईडी)' छँदैछ। त्यसैले सैन्य उपस्थितिलाई आर्थिक परियोजनाको आडमा प्रवेश गराउने योजना ठानिन्छ। त्यसक्रममा परियोजनाको सुरक्षार्थ अमेरिकी सुरक्षाकर्मी आउने, भूउपग्रहहरू जडान गर्ने, चीनविरोधी गतिविधि बढ्ने र कालान्तरमा स्वचालित यन्त्र (रिमोट कन्ट्रोल) द्वारा चीनमाथि आक्रमण नहोला भन्न सकिन्न। त्यसो भयो भने नेपाल चीन र अमेरिकाको रणमैदान बन्न जाने त्रास नेपालमा व्याप्त छ। बंगलादेश र श्रीलंकाले एमसीसी अस्वीकार गरेपछि त्यो आशंकाले थप बल प्रदान गरेको छ।

भारतमा ब्रिटेन 'इस्ट इन्डिया कम्पनी' नामको व्यापारिक संगठनका नाममा पसेको थियो। नेपालमा अमेरिका विकासे नाम एमसीसी जपेर पस्न खोजेको देखिन्छ। अनौठो सन्दर्भ त के भने महाकाली सन्धिमा जजसले राजनीतिक छलकपट गरेका थिए तिनै ओली र देउवा नै एमसीसीको सारथी बनेर प्रकट भएका छन् जसका भाडाका बुद्धिजीवीहरूले एमसीसीको विरोधलाई 'अज्ञानता र विकासविरोधी' आरोप लगाएर न्यूनीकरण गर्न खोजेका छन्। सन् १९८०-९० मा पञ्च डा. प्रकाशचन्द्र लोहनी र डा. रामशरण महतले नवउदारवाद अन्माउने ताउर-माउर गर्दा त्यसैप्रकारको कोकोहोलो मच्चाएका थिए। त्यसले गर्दा देशलाई कसरी परनिर्भर बनायो र औद्योगिकीकरणको घाँटी कसरी थिच्यो देखिएकै छ।


*तालिका -१* (सम्झौताका केही विवादित सर्तहरू)

धारा ३, दफा ३ र २ (च) : सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरिकाको पूर्ण अधिकार रहनेछ। धारा ३ दफा ३ (८) (क) : परियोजनाको लेखा परीक्षण अमेरिकी कम्पनीहरूले मात्र गर्न सक्नेछन्।, धारा ५ (क) र (ख) : अमेरिकी सरकारले चाहेमा जुनसुकै समयमा पनि यो परियोजना (सम्झौता) रद्द गर्न सक्नेछ।

धारा ७ दफा ७ (क) : प्रस्तुत सम्झौता लागू भएपछि प्रस्तुत सम्झौतामा उल्लिखित र नेपालको कानुन बाझिएमा प्रस्तुत सम्झौता लागू हुनेछ।

*सम्झौताको अनुसूची १ (ग)* २ : यस परियोजनामा नेपाल सरकारले राज्यका कुनै पनि निकायलाई खटाउनु पर्दा एमसीसीको स्वीकृति लिनुपर्नेछ। *सम्झौताको अनुसूची-४ (क)* :नेपाल सरकारले एमसीसीलाई चित्त बुझ्ने योजना तयार पारी पठाउनुपर्नेछ र त्यस्तो योजनामा भारत सरकारले समर्थन गरेको हुनुपर्छ।

(ङ) एमसीसी-नेपाल सरकार सम्झौताका सर्तहरू



विचार-दृष्टिकोण

अनिल शर्मा

अमेरिकाले एमसीसी सम्झौतामार्फत सम्पूर्ण बौद्धिक सम्पत्ति (Intellectual property) कब्जा गर्न खोजेको देखिन्छ। त्यसैगरी नेपाल र अमेरिका दुवै देशको संयुक्त लगानीमा चलाइने र नेपालमा सञ्चालन हुने हुँदा नेपालको अग्राधिकार हुनुपर्नेमा अमेरिकाले एकतर्फी लेखा परीक्षण गर्ने र त्यसलाई नेपालले मान्नुपर्ने बाध्यकारी प्रावधान छ। यो प्रावधान हेर्दा अमेरिकीहरूले भ्रष्टचारलाई सुरक्षित गर्न खोजेको र कार्यक्षेत्रभन्दा बाहिर अपारदर्शी तथा शंकास्पद काममा लगानी गर्न चाहेको देखिन्छ। त्यसैगरी सहमतिबेगर अमेरिकी स्वार्थसँग बाझिएमा परियोजना अलपत्र पारेर फर्किने ढोका पनि खोल्न चाहेको देखिन्छ। त्यसैगरी सम्झौता लागू भएपछि नेपालको कानुनसँग बाझिएमा सम्झौताका सर्तहरू मान्य हुने, नेपालको कानुन निष्क्रिय हुने प्रावधान छ। यो बुँदाले नेपाललाई अमेरिकाको घोषित उपनिवेश बनाउँछ। विश्व र नेपालको हालसम्म प्रचलन धार्मिक, पर्यटन, व्यापार, कूटनीतिक काम, दाताहरू तथा विकासे संस्थाहरूले नेपालको संविधान र प्रचलित कानुनको अन्तरमा रहेर काम गर्नुपर्छ। त्यसको बर्खिलाफ भएमा जुनसुकै देशको संस्था वा व्यक्तिले पनि सोही देशको कानुनअनुसार दण्डको भागीदार हुनुपर्छ। त्यसैगरी नेपाल सरकारले एमसीसीमा कुनै नियन्त्रण र निगरानी गर्न पाउनेछैन।

यो प्रावधानमा टेकेर अमेरिकाले नेपाली जनता, यहाँको क्रान्तिकारी तथा देशभक्त धारा र छिमेकीविरुद्ध गतिविधि गर्न सक्छ। यो प्रावधान नेपालको असंलग्न परराष्ट्र नीतिप्रतिकूल हुने देखिन्छ। त्यसैगरी विकासका योजनाहरू छनोट गर्दा भारत सरकारको पूर्वस्वीकृति लिनुपर्ने प्रावधान रहेको छ। यो प्रावधानले नेपाललाई भारतको कुनै एउटा राज्यस्तरमा झार्दछ। यसले नेपालको वैदेशिक मामिला भारतनियन्त्रित हुनेछ। यो प्रावधानमा टेकेर अमेरिकाले भारतलाई रिझाउने रणनीति बनाएको स्पष्ट हुन्छ।

*(च) दलहरूबीच मतभेद र जनदबाब*

एमसीसीका विरुद्ध जनदबाब तीव्र भएको र एमसीसीका विरुद्ध विश्वव्यापी विरोध भइरहेको हुनाले त्यसको प्रभाव तत्कालीन सत्तारूढ दल नेकपा (नेकपा) मा पऱ्यो। सत्तारूढ दलका एमसीसीको विपक्षमा रहेका नेताहरूले एमसीसी परियोजना 'हिन्द-प्रशान्त रणनीति (IPS) को भगिनी संगठन भएको दाबी गरेका छन् र कतिपय अमेरिकी कूटनीतिज्ञहरूले नै त्यसलाई पुष्टि गरेका छन्। सत्तारूढ दलभित्र विवाद चर्किंदै गएपछि २०७६ माघ १९ गते पूर्वप्रम तथा एमालेका वरिष्ठ नेता झलनाथ खनाल (खनाल र सुशील कोइरालालाई भारतले नचाहँदा-नचाँहदै बनेका प्रधानमन्त्री भन्ने गरिन्छ)को नेतृत्वमा तीन सदस्यीय 'एमसीसी सुझाव कार्यदल' गठन गरियो। एमसीसी पारित गर्न

सभामुख महराले व्यवधान गरेको र प्रचण्डका कारण एमसीसी पारित नभएको पूर्वप्रम तथा एमाले अध्यक्ष केपी ओलीले सार्वजनिक दोषारोपण गर्ने गरेका छन्। ओलीले झलनाथ कार्यदललाई 'फाल्तु काम' भन्दै अपमानित पनि गरे। एमसीसीका विरुद्ध जनताको प्रतिरोध बढ्दै गएपछि अमेरिकी कूटनीतिज्ञहरू घरघर चहार्दै दबाब, धम्की, प्रलोभन सबै गर्दै आएका छन् तर जनमत झन्झन् भड्किँदै गएको छ। निर्वाचन परिणाम नै प्रभावित हुनसक्ने त्रासले दलका नेताहरू खुलेर बोल्न डराउन थालेका छन्। एमसीसी पारित गराउनकै लागि केपी ओली र शेरबहादुर देउवाको निकटता बढिरहेको कतिपयको बुझाइ छ।

झलनाथ खनाल नेतृत्वको कार्यदलको निष्कर्षले एमसीसी परियोजना थप उल्झनमा धकेलियो। सम्झौताका कतिपय प्रावधान परिवर्तन गर्नुपर्ने सुझावलाई

क्रमशः दोस्रो पृष्ठमा



# रूसी आक्रमणको विश्वव्यापी विरोध, राष्ट्रपति जेलेन्स्की नै मैदानमा



**काठमाडौं ।** युक्रेनी राष्ट्रपति भोलोदमिर जेलेन्स्कीले रूस आक्रमणको विश्वव्यापी विरोध भएको बताएका छन् । युक्रेनको रुससँग द्वन्द्व हुन्छ भन्नेमा आफू विश्वास नरहेको बताएका हुन् ।

युक्रेनमा पछिल्लो समय विकसित विवादपछि त्यहाँको सरकारले संकटकालको घोषणा गरेको जनाएको छ ।

युक्रेनी सरकारले आजै मध्यरातिदेखि लागू हुनेगरी भनी देशभरका लागि संकटकालको घोषणा गरेको हो । यो संकटकाल ३० दिनका लागि घोषणा गरिएको छ ।

बुधबारको संसद बैठकले सो संकटकाल पास गरेको हो । सो संसदमा कायम रहेका ४५० जना सांसदमध्ये ३३५ ले सरकारले ल्याएको संकटकालको पक्षमा मतदान गरेका थिए ।

पूर्वीयुक्रेनमा पछिल्लो समयमा रुसले सेना तैनाथ गरेको छ र युक्रेनमाथि रुसले हमला गर्ने योजना बनाएको बताउँदै आएको यस अवस्थामा रुसले युक्रेनमा सैन्य कारबाही सुरु गर्ने घोषणा गरेको छ ।


संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदमा युक्रेन संकटबारे छलफल चलिरहेको बेला रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सैन्य कारबाहीको घोषणा गरेका छन् । पछिल्लो समयमा युक्रेनमा तनाव बढेको छ । अमेरिकालगायतका केही पश्चिमा देशले युक्रेनबाट आफ्ना कूटनीतिक कर्मचारी र नागरिक पनि फिर्ता लगेका छन् ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले सुरुका दिनमा भनेका थिए 'मलाई लाग्छ रूससँग त्यत्रो द्वन्द्व हुनेछैन, अहिले हामीले सोचेजस्तो हिंसा पनि हुनेछैन ।' उनले युक्रेनमा यदि आन्दोलन या त्यस्तै आक्रामक केही कारबाही हुने अवस्था भयो भने आफूले मार्सल ल लगाउने पनि बताए । त्यहाँ हुनसक्ने विद्रोहका बारेमा टिप्पणी गर्दै यदि त्यस्तो अवस्था आयो भने आफूले मार्सल ल लगाउने जेलेन्स्कीले बताए ।

पछिल्लो समयमा युक्रेनमा रूसले आक्रमण गर्नसक्ने भन्दै त्यसको विश्वव्यापी रूपमा व्यापक विरोध भएको छ । युक्रेनको पूर्वीक्षेत्रमा रूसले ठूलो संख्यामा सेना तैनाथ गरेको बताइएको छ, तर रुसले अहिले युक्रेनमा हमला गर्ने समाचारको भने खण्डन गर्दै आएको छ ।

अमेरिका, बेलायतलगायतका पश्चिमा देशले भने रूसले युक्रेनमा हमला गर्न लागेको भन्दै त्यहाँबाट आफ्ना नागरिक फिर्ता गरेका छन् । पश्चिमा देशले रुसले युक्रेनमा हमलाको तयारी गरेको खण्डमा त्यसको पुष्टि गरी रूसमाथि प्रतिबन्ध लगाउने तयारी गरिएको बताएको छ ।

# युक्रेनको तनावबारे अमेरिकी र चिनियाँ विदेशमन्त्री फोनवार्ता



**काठमाडौं ।** पछिल्ला केही दिनदेखि युक्रेन र रूसको सीमामा जारी तनावबारे अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले आफ्ना चिनियाँ समकक्षी वाङ यीसँग छलफल लागि टेलिफोन वार्ता गरेका छन् । यो फोनवार्ता पूर्वीयुक्रेनको डोनेस्क र लुहान्स्कको स्वतन्त्रतालाई रुसले मान्यता दिएपछि यस क्षेत्रमा तनाव बढेको विषयमा केन्द्रित रहेको बुझिएको छ ।

'विदेशमन्त्री एन्टोनी जे ब्लिन्केनले आज चिनियाँ विदेश मन्त्री वाङ यीसँग रुस-युक्रेन तनाव, युक्रेन विरुद्ध रुसको सम्भावित आक्रमणको बारेमा छलफल भएको, ब्लिन्केनले युक्रेनको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई जोगाउनु पर्ने आवश्यकतालाई जोड दिनुभएको' प्रवक्ता नेड प्राइसले विज्ञप्तिमार्फत उल्लेख गरेका छन् ।

संयुक्त राज्य अमेरिकाले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको डोनेस्क र लुहान्स्क क्षेत्रलाई 'स्वतन्त्र' भनेर मान्यता दिने निर्णयको कडा निन्दा गरेको छ । यो निर्णयलाई मिन्स्क सम्झौता अन्तर्गत रूसका प्रतिबद्धताको पूर्णअस्वीकार भनेको छ । यसैबीच चीनले युक्रेनमा तनावमा संलग्न सबै पक्षलाई वार्ता जारी राख्न र कूटनीतिक समाधान खोज्न आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्सेसले पूर्वीडोनेस्क र लुहान्स्क क्षेत्रका केही क्षेत्रको स्थितिबारे रुसको निर्णयप्रति चिन्ता व्यक्त गरेका छन् ।

प्रवक्ता स्टेफेन डुजारिकद्वारा जारी विज्ञप्तिमा संयुक्त राष्ट्रसङ्घ प्रमुखले पूर्वीयुक्रेनमा द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि मिन्सको निर्देशनअनुसार अगाडि बढ्न आह्वान गरेको छन् ।

# तत्काल एमसीसीलाई सैद्धान्तिक छलफल नल्याउन आग्रह

**काठमाडौं ।** सत्तासाझेदार दल नेकपा (माओवादी केन्द्र) र एकीकृत नेकपा (समाजवादी)ले 'अमेरिकी सहायता परियोजना' मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौतालाई अनुमोदन गर्ने प्रस्तावबारे तत्काल सैद्धान्तिक छलफल नगर्न आग्रह गरेको छन् ।

सो प्रस्तावबारे सैद्धान्तिक छलफल गर्ने कार्यसूची रहे पनि राजनीतिक दलमा सहमति नभएको र प्रमुख प्रतिपक्षी नेकपा (एमाले)ले सदनमा अवरोध जारी राखेको अवस्थामा एमसीसीलाई अघि नबढाउन माओवादी केन्द र समाजवादी दुबै दलले आग्रह गरेका हुन् ।

सरकारको नेतृत्वकर्ता नेपाली कांग्रेसले भने नियमित रूपमा छलफलको प्रक्रिया अघि बढाउने अडान यथावत राखेको छ । सोही विवादका कारण निर्धारित समयमा बैठक सञ्चालन भएन । उक्त छलफललाई अघि बढाउने वा नबढाउने भन्नेबारेमा माओवादी केन्द्रले पार्टीभित्र छलफल गर्ने बताएको छ भने एमालेका नेता डा भीमबहादुर रावलले सडकमा विरोधकाबीच प्रस्तावलाई अगाडि बढाउन र सत्ताका लागि राष्ट्रियताका सवालमा सम्झौता गर्न नहुने बताएका थिए ।

यही फागुन ८ गते प्रतिनिधिसभामा पेश भएको उक्त सम्झौतालाई आगामी १६ गतेभित्र अनुमोदन हुने-नहुने निधो गर्न अमेरिका सरकारले समयसीमा तोकिसकेको अवस्था हो ।

# एमसीसी प्रस्ताव अनुमोदन गर्ने विषयप्रति जनमोर्चा असहमत

**काठमाडौं ।** सत्तासाझेदार मध्येको एक दल राष्ट्रिय जनमोर्चाले 'अमेरिकी सहायता परियोजना' मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)लाई संसदमा टेबल गर्ने विषयप्रति आफ्नो दल असहमत भएको खुलस्त पारेको छ ।

जनमोर्चाका उपाध्यक्ष एवं प्रवक्ता दुर्गा पौडेलले एक विज्ञप्ति जारी गर्दै पाँच दलीय गठबन्धनमा सो प्रस्तावमा आफ्नो दलको सहमति नभएको बताएको हो । एमसीसीप्रति आफ्नो दल असहमत भएकाले गठबन्धनका कतिपय बैठकमा जनमोर्चालाई सहभागी नगराइएको पनि सोही विज्ञप्तिमा उल्लेख गरिएको छ ।

'सायद हाम्रो पार्टी एमसीसीलाई पारित गर्ने कुराको विरुद्ध भएकाले हाम्रो पार्टीलाई बैठकमा बोलाउँदा सर्वसम्मति हुन नसक्ने भएकाले मात्र होइन, त्यसलाई टेबल गर्ने कुराको समेत विरुद्ध भएकाले हाम्रो पार्टीलाई गठबन्धनका बैठकहरूबाट अलग राखिएको हुन सक्दछ' विज्ञप्तिमा उल्लेख गरिएको छ 'अहिले एमसीसीको प्रश्नमा गठबन्धनमा तीव्र मतभेद देखापरेको छ तर त्यो मतभेदका कारणले गठबन्धन टुट्न हुँदैन भन्ने हाम्रो मत रहँदै आएको छ ।'

एमसीसी सम्झौतामाथि राष्ट्रिय स्वाभिमानप्रति गम्भीर प्रकृतिका बुँदाहरू समावेश भएको जिकिर गर्दै राष्ट्रिय जनमोर्चा नेपालले मुलुकलाई खतरा पार्ने त्यसखाले सम्झौतामा सहमति हुनै नसक्ने बताएको छ ।

# पीसीआरको नक्कली रिपोर्ट बनाउने ल्याब इन्चार्जमाथि मुद्दा

**काठमाडौं ।** कोरोना महामारीका क्रममा पिसिआर परीक्षणको नक्कली रिपोर्ट बनाएको अरोपमा शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रका तत्कालीन ल्याब इन्चार्ज विनोदकुमार यादवविरुद्ध अभियागमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दर्ता गराएको छ । यादवले आफूखुशी अस्पतालको छाप बनाई दुरूपयोग गरेको र कार्यालयको कम्प्युटरको फोरेन्सिक परीक्षण गर्दा फेला पारिएका पिसिआर रिपोर्ट सबै नक्कली भएको फेला पारिएको पनि आयोगले बताएको हो ।

यस्तै, अस्पतालमा स्वाब संकलन गरी अनाधिकृत रूपमा रकम उठाएको, परीक्षण नै नगरी गलत रिपोर्ट बनाएको, मौखिक आधारमा नेगेटिभ रिपोर्ट आएको बताउनेजस्ता अनाधिकृत काम गरेको पाइएको आयोगले जनाएको छ ।

यादवले आफ्नै कार्यकक्षमा नै स्वाब संकलन गरी नेगेटिभ रिपोर्ट आएकालाई रकम लिएर पोजेटिभ बनाएको जस्ता तथ्य फेला परेको भन्दै आयोगले विशेष अदालतमा मुद्दा दायर गरिएको बताएको छ । आयोगका सहायक प्रवक्ता वेदप्रसाद भण्डारीले सोबारे जानकारी दिएका हुन् ।

# बाक्लो असिना जमेर सडक अवरूद्ध तथा तरकारीसहित अन्नबाली नष्ट

**कास्की ।** भारी असिनासहित परेको वर्षाले पर्यटकीय क्षेत्र पोखराको सडक अवरूद्ध भएको हो । साताको सुरु अर्थात आइतबार दिउँसो परेको भारी असिना र पानीले पोखरास्थित न्यूरोड, चिप्लेढुंगा, बगर, अमरसिंह चोकलगायत क्षेत्रलाई असिनाले छोपेको हो ।

भारी असिनापातपछि गुडिरहेका बसहरू रोकिनुका साथै बाटो हिँडिरहेका मानिसहरू समेत ओत लागेका थिए । असिना परेपछि सडक किनारामा व्यापार चलाएर बसेका मासिनहरूको भागादौड र बिचल्ली भएको थियो । बिहानैदेखि धुम्मिएको मौसमबीच एक्कासी परेको असिना र पानीले पोखरा बजारक्षेत्र अवरूद्ध भएको थियो ।

सडकसहित सबैतिर असिनाका थुप्रिएपछि यातायातका साधन चिप्लिने डरले प्रहरी र ट्राफिक प्रहरीले यातायातलाई व्यवस्थित गरी रोकेका थिए । अचानक परेको असिना पानीका कारण थुप्रै सवारीसाधान बाटैमा अलपत्र परेका छन् । स्थानीय सडकमा चार इन्चदेखि एक फुटसम्म असिना जमेको जम्दा सो क्षेत्रको तरकारी, आलु, फलफूल, तोरी, गहुँलगायत अन्नबालीमा क्षति पुगेको छ । असिना पानीले अवरुद्ध मानिसहरू बाटोमै अलपत्र परेका थिए ।

# भाषाको विकासविना मुलुकको विकास हुँदैन : उपराष्ट्रपति पुन



**काठमाडौं ।** उपराष्ट्रपति नन्दबहादुर पुनले भाषा हरेक राष्ट्र र समुदायको मौलिक पहिचान भएको उल्लेख गरेका छन् । भाषाको विकास नभई देशको विकास नहुनेमा उपराष्ट्रपति पुनको जोड थियो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानले अन्तर्राष्ट्रिय मातृभाषा दिवस २०२२ का अवसरमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) काठमाडौंको सहकार्यमा राजधानीमा आयोजित 'मातृभाषा राष्ट्रिय कविता महोत्सव २०७८' कार्यक्रमलाई सम्बोधन गर्दै उपराष्ट्रपति पुनले ऐतिहासिक कार्य लेखन भाषामार्फत नै हुने भएकाले भाषाको विकास नभए देशको विकास नहुने स्पष्ट पारेका हुन् ।

'भाषा, कला, संस्कृतिका क्षेत्रमा नेपाल विश्वमै धनी देश हो, यहाँ सयौं भाषा-भाषीहरू रहेका छन्, भाषाको विकास गर्न नसके देशको विकास हुन गाह्रो छ' उपराष्ट्रपति पुनको भनाइ थियो । नेपाल प्रज्ञा-प्रतिष्ठानले करिब ४० प्रतिशत भाषाहरू लोप हुन थालेको जानकारी गराएकोप्रति औंल्याउँदै उनले भाषा, कला, संस्कृति तथा मौलिक परम्पराको सधैं जगेर्ना गर्नुपर्नेमा जोड दिए ।

नेपाली मौलिक तथा मातृभाषा लोप हुनुको मुख्य कारण अंग्रेजी भाषालाई बढी प्रयोगमा ल्याउनु भएको धारणा व्यक्त गर्दै उपराष्ट्रपति पुनले भने- 'जुनसुकै भाषा सिक्नु राम्रो हो तर आफ्नो मौलिक भाषा, कला तथा संस्कृति बिर्सिनु राम्रो होइन ।' छुट्टै प्रसंग देशमा हाल उत्पन्न विवादप्रति इंगित गर्दै उपराष्ट्रपति पुनले उक्त विषयलाई सबैको राष्ट्रिय सहमति गराएर समस्या हल गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रमका विशिष्ट अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले भाषाविना इतिहाससँग सम्बन्धित सामग्रीको समेत कल्पना गर्न नसकिने बताउँदै भाषाको जगेर्ना गर्न अति आवश्यक रहेको बताए । 'भाषा भनेको आफ्नो मौलिक पहिचान गराउने चीज हो, लोप भइरहेका भाषा संरक्षण गर्नु आजको आवश्यकता हो' उनले भने ।

नेपाली भाषा, कला, संस्कृतिको संरक्षण तथा संवर्द्धनका लागि आफूसहित पर्यटन मन्त्रालय पूर्णरूपमा कटिबद्ध भएको भन्दै मन्त्री आलेले सांकेतिक भाषा प्रयोग गर्नेहरूका हकमा त्यही भाषा नै उनीहरूको मातृभाषा भएको धारणा समेत व्यक्त गरे ।

# देउवा-प्रचण्ड बालुवाटारमा भेट, के-के भए कुराकानी ?

**काठमाडौं ।** सत्ताधारी नेपाली कांग्रेसका सभापति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच सरकारीनिवास बालुवाटारमा भेटवार्ता भएको छ । बिहीबार भएको सो भेटवार्तामा 'अमेरिकी सहयोग परियोजना' एमसीसी सम्झौताबारे छलफल गरेका हुन् ।

छलफलका क्रममा प्रधानमन्त्री देउवाले प्रतिनिधिसभामा छलफल प्रारम्भ हुन लागेकाले एमसीसीमा सहयोग गर्न अध्यक्ष दाहाललाई आग्रह गरेका थिए । एमसीसी सम्झौता पारितमा सहयोग गर्न अध्यक्ष दाहालसँगै आग्रह गरेको प्रधानमन्त्री देउवाका प्रेस प्रमुख गोविन्द परियारले बताए ।

यसअघि नै सिंहदरबारमा नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेताझलनाथ खनालसँग छलफल गरेलगत्तै अध्यक्ष दाहाल देउवालाई भेट्न बालुवाटार पुगेको बताइन्छ । सिंहदरबारको छलफलमा प्रतिनिधिसभामा सुरु हुन लागेको एमसीसी सम्झौताका सन्दर्भमा कसरी अगाडि बढ्ने भन्नेबारेमा विचार-विमर्श भएको उल्लेख छ ।

# दुई वर्षपछि पशुपति क्षेत्रमा महाशिवरात्रि मेला

**काठमाडौं ।** कोरोना महामारीका कारण गत दुई वर्षदेखि रोकिएको पशुपतिनाथको महाशिवरात्रि मेला यस पटक भने धुमधामका साथ मनाइने भएको छ । पशुपति क्षेत्र विकास कोषका अनुसार कोरोनाबाट बच्न जारी स्वास्थ्य मापदण्ड पूरा गरेर एक हप्ते मेला सञ्चालन गर्ने भएको हो ।

पशुपति क्षेत्रमा लाग्ने एकहप्ते मेलाका तयारीका लागि प्रतिस्पर्धाबाट कम्पनी छनोट गरेको जानकारी दिँदै पशुपति विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले दुई वर्षसम्म रोकिएको महाशिवरात्रि मेला यस वर्ष जारी स्वास्थ्य मापदण्ड पूरा गरेर सावधानीसाथ सञ्चालन गरिने जारी कारी दिए ।

महाशिवरात्रिको दोस्रो दिन फागुन १८ गतेदेखि एक हप्ता पशुपति क्षेत्रस्थित वनकालीमा मेला सञ्चालन गरिनेछ । मेलाका लागि सबैभन्दा बढी रकम कबोल गर्ने नेपाल मेला महोत्सव सञ्चालन संघलाई १५ लाख १५ हजार रूपैयाँमा मेला सञ्चालनको जिम्मेवारी दिइएको कोषले जनाएको छ । मेलामा बालबालिका एवं वयस्कका लागि पिङलगायतका खेलहरूका साथै विभिन्न सामग्रीको किनमेल पनि गर्न कक्ष सञ्चालन गरिने बताएको छ ।

यसअघि विसं २०७६ र २०७७ दुई वर्ष कोरोना संक्रमण फैलने डरले पशुपति क्षेत्रमा महाशिवरात्रि मेला स्थगित गरिएको थियो ।

# कंगोमा अमेरिकी नांगो नाचको दृष्टान्त : नेपालमा एमसीसी



**खोजीनीति**

निमा शाह

चीलगाडी चढ्न्या जडीबुटी 'कंगोलीहरू सुनको थालीमा बसेर कटौरामा भिख मागी खान्छन्' मात्र तिन महिना प्रधानमन्त्री भएका ३५ वर्षीय कवि लुबुम्बाको हत्या यसरी भयो दुई वर्षअघिको कुरा हो । म धनगढीको एयरपोर्टमा अछाम जानको लागि फ्लाइट पर्खिरहेकी थिएँ । छेउमै बसेका दुई-चारजना मान्छेको बिचमा एकजना मान्छे कुरा गरिरहेका थिए । उनी शान्ति मिसनका मान्छे रहेछन् । जो अफ्रिकन देश कंगोको बारेमा कुरा गरिरहेका थिए । उनी भन्दै थिए- 'कंगो सुनको थालीमा बस्छ तर त्यहाँका जनता पर्यटक र शान्ति मिसनको मान्छेसँग म भोकै छु, मेरा बालबच्चा भोकै छन्, भन्दै एक प्याकेट बिस्कुटका लागि अनुनय विनय गर्छन् ।'

जनता यो लेबलका गरिब ! तर त्यहाँका दलाल नेताहरूको कारण अमेरिका कंगोमा प्राइभेट एयरपोर्ट बनाएर रातदिन कंगोको सुन अमेरिका ओसार्छ । यो अमेरिकी जहाजमा ओसारिने कंगोको सुन अमेरिकाले कौडीका दाममा कंगोका दलाल शासकसँग किनेर अमेरिका लान्छ । जसका कारण त्यहाँका दलाल नेता अरबपति छन्, जनता भिखमंगा छन् । नेपाल जस्तै के ? भन्दै उनी 'रिपब्लिक अफ कंगो' होइन कि 'डेमोक्रेटिक रिपब्लिक अफ कंगो'का बारेमा कुरा गरिरहेका थिए । जो अफ्रिका महादेशको दोस्रो ठूलो देश हो । उनले कंगोका बारेमा कुरा गर्दै गर्दा मैले कंगोली युवा कवि पेट्रिक लुम्बुबालाई सम्झन पुगें । जसले दोस्रो विश्वयुद्धपछि औपनिवेशिक देशहरू स्वतन्त्र हुँदै गइरहेको बेला सन् १९५० को दशकमा कंगोलिज नेसनल पार्टी गठन गरे । जसका कारण कंगो ३० जुन १९६० मा बेल्जियमको औपनिवेशिकताबाट मुक्त भयो र लुबुम्बा आजाद कंगोको पहिलो प्रधानमन्त्री भए । उनले आफू प्रधानमन्त्री हुनेबित्तिकै कंगोलाई औपनिवेशिकताबाट मुक्त मात्र होइन कि नवउपनिवेशिकताबाट पनि मुक्त गर्न चाहे । उनले कंगोमा पाइने युरेनियम र सुनखानी जो अमेरिकाको कब्जामा थियो त्यसको विरोध गरे ।

लुबुम्बाको विरोधले अमेरिकी साम्राज्यवाद यति विक्षिप्त भयो कि अमेरिकी साम्राज्यवादी सरकारले सीआइए लगाएर कंगोको दलाल सत्ता एवं दलाल राष्ट्रपतिसँग मिलेर ७ डिसेम्बर सन १९६० मा पेट्रिक लुबुम्बालाई प्रधानमन्त्री पदबाट अपदस्त गरी गोली र तेजाबले नुहाएर माऱ्यो । कवि एवं प्रधानमन्त्री लुबुम्बा यति अपमानित गरिएर मारिए कि त्यसको कल्पना मात्रैले पनि शरीरका रोमरोम थरथराउँछ । अमेरिकी साम्राज्यवादले बेल्जियमसँगको साँठगाँठमा पेट्रिकको हातलाई पछाडिबाट साङ्लोले बाँधेर श्रीमती र बच्चाहरूको अगाडि लात्ती र मुक्काले हान्दै, थुक्दै र पिट्दै कटांगा क्षेत्रमा ल्याएर विभत्स हत्या गऱ्यो । कटांगा कंगोको त्यही सुदूरक्षेत्र हो- जहाँ युरेनियमका खानीहरू छन् । त्यही कटांगा क्षेत्रको युरेनियम प्रयोग गरेर अमेरिकाले जापानको नागासाकी र हिरोसिमामा (दोस्रो विश्वयुद्ध सन् १९४५)का बेला वम बर्षाएको थियो । त्यही वम बर्षक अमेरिकी साम्राज्यवादले युरेनियम पाइने कटांगा क्षेत्रमा आफ्नो कब्जा जमाइ राख्नका लागि कथित विद्रोहीहरूलाई विगतदेखि वर्तमानसम्म पालेकै छ, कंगोलाई लुटेकै छ । कंगोको उपनिवेश र नवउपनिवेशिक उत्पीडनको पहाड यति कहालीलाग्दो छ कि बेल्जियमका राजा लियोपोट जो सन् १९०९ मा मरे उनको पालमा मात्र तत्कालीन साम्राज्यवादी बेल्जियमले एक करोड कंगोलीहरूलाई मुसा मारे झैं विभत्स हत्या गऱ्यो ।

अहिले नवउपनिवेशिक अमेरिकाले दलाल कंगोली शासकहरूसँग मिलेर कंगोको प्राकृतिक स्रोत साधनमाथि कब्जा जमाउदै कंगोका जनतामाथि हत्या र दमन जारी राखेर छ । देशभक्त र सच्चा कंगोली जनतालाई भिखमंगा बनाइरहेको छ । कंगोलीमाथिको लूट एवं पेट्रिक लुबुम्बाको हत्याले यो प्रमाणित गरिरहेको छ कि अमेरिकी साम्राज्यवाद तेस्रो मुलुकमा भएको प्राकृतिक स्रोत साधनमाथि कब्जाबाहेक अरु केही चाहँदैन । स्वतन्त्रता र मानवअधिकार अमेरिकी साम्राज्यवादले ओढ्ने बाघको छालाको घुम्टो मात्र हो । नक्कली घुम्टोभित्रको कोब्रा अनुहार चेको हत्या, लुबुम्बाको हत्या, चिलीका राष्ट्रपति यलेन्देको हत्या, इण्डोनेसियाका राष्ट्रपति सुकानोको हत्या, सद्दामको हत्या, गद्दाफीको हत्या, ह्युगोचाबेज र गोन्जालोको घुमाउरो हत्याआदिले विश्वसामु उदांगो पारेको छ । फिडेल क्यास्ट्रोको पटक-पटकको हत्या प्रयासले पनि अमेरिकी साम्राज्यवादको कोब्रा अनुहारलाई थप पुष्टि गरेकै छ । बाँकी अरु भियतनाम, फिलिस्तिन, ल्याटिन अमेरिका र अफगानिस्तानआदि जस्ता देशहरूले अमेरिकी साम्राज्यवादको खोस्टो प्रजातन्त्र र मानवअधिकारलाई उदांगो पारेका छन् । कर्णालीका जडीबुटी चिलगाडी चडी उड्डाका त्यही चिलगाडी चडी उड्ने जडीबुटीको बारेमा भारतीय म्यागजिन 'इन्डिया टुडे वा माया' मध्ये एकमा मैले सन् १९७६-७७ तिर कर्णालीको जडीबुटीको बारेमा स्थलगत रिपोर्टसहितको लेख पढेकी थिएँ ।

उक्त लेखमा लेखिएको थियो- 'कर्णालीका स्थानीय जनता हवाइजहाजलाई चिलगाडी भन्छन् र त्यो चिलगाडी राती एयरपोटमा बास बसेपछि कर्णालीवासीहरू 'अब हाम्रो जडीबुटी चिलगाडीले उडाइ लैजादो भन्दै पीर गर्दारहेछन ।' उक्त स्थलगत रिपोर्टमा यो पनि लेखिएको थियो- 'कर्णालीबाट हवाइजहाजले त्यहाँको जडीबुटी नेपालगञ्ज एयरपोटमा ल्याउँछ । नेपालगञ्जबाट त्यो जडीबुटी रूपैडिहा नाका हुँदै दिल्ली पुग्छ । दिल्लीबाट अमेरिका पुग्छ । कर्णालीबाट दिल्ली, दिल्लीबाट अमेरिका पुग्ने कर्णालीको जडीबुटीको मूल्य चाहीँ रूपैडिहाको नाका पुग्दा लाख । रूपैडिहाबाट दिल्ली पुग्दा करोड । दिल्लीबाट अमेरिका पुग्दाको अरब भनि लेखिएको थियो । ठ्याक्कै अंक बिर्सिएकीले मैले लाख, करोड, अरब भनी सिधा लेखेकी हुँ । उक्त लेखमा यो पनि दावी गरिएको थियो- कर्णालीको जडीबुटी अवैधानिक रूपमा सेटिङ्गमा बेचेवापत पाइलट, प्रशासन र माथिको मुख्यालयले लाखौं रकम जडीबुटीको मात्राअनुसार कमिसनमा कुम्ल्याउँछन । तर कर्णालीका जनतालाई हात लाग्यो शून्य आशयसहितको गजबको तथ्यगत रिपोट छापिएको थियो ।

यहाँसम्म कि जडीबुटी माफिया क-कसले कति रकम कालो धन कमाउँछन् भन्ने समेतका तथ्य त्यसमा उल्लेख थियो । तर उक्त लेख पढेको धेरै वर्ष भएकोले मैले अंक बिर्सिए । जेहोस् नेपालका पत्रपत्रिकामा यस्ता जडीबुटी माफियाको सेडिङ्ग, कमिसन र बिक्रिबारे कहिल्यै पढ्न नपाएको उक्त पत्रिकामा पढ्न पाउँदा चाहीँ नेपालका मिडियाले यस्ता स्थलगत रिर्पोट किन नलेखेको होला भन्दै सोच्न बाध्य भएँ । यदि यताका जनमिडियाले जडीबुटीको माफियाको मुद्दा उठाउँदै यतैको जडीबुटी यतैको औषधी प्रशोधन बारेमा लेखहरू लेखिदिएको भए वा मिडियाहरूले फुकिदिएको भए जनता आफ्नै देशको जडीबुटी र औषधी प्रशोधनको बारेमा सचेत जानकारी त पाउँथे नि भन्ने पनि लाग्यो ।

खप्तड बाबाले वर्षको एकचोटी १२-१५ जना डोके भरिया लगाएर खप्तडको जडीबुटी ब्रह्मदेव वा झुलाघाटको नाका हुँदै भारतको टनकपुर पुऱ्याउँथे भनेर सत्यवादी हाइस्कुल भोपुर बझाङमा र चैनपुर बजारमा आउने स्थानीय गाउँलेहरूले सुनाइरहन्थे भन्दै मेरो बुबाले विगत स्मरण गर्नुहुन्छ । यो विगतको कुरा विसं २०१५ देखि २०२० तिरको कुरा हो । त्यतिबेला अछाममा निमावि र हाईस्कुल नभएकाले मेरो बुबा बझाङको सत्यवादी हाईस्कुलमा पढ्नुहुन्थ्यो । त्यो स्कुल मानवतावादी राजा जयपृथ्वी बहादुर सिंहले स्थापना गरेका थिए । कृषि सम्बन्धी जानिफकार भन्छन्- 'नेपालमा कृषि क्रान्ति हुने हो भने कैलाली, बर्दिया र झापाजस्ता तिनचार वटा जिल्लाले नेपाली जनतालाई पाल्ने सामर्थ्य राख्दछन् । बाँकी अरु जिल्लाको अनाज उत्पादन नेपालले निकासी गरेर अरु देशमा पठाउन सक्छ । तर नेपालमा कृषि क्रान्ति हुन दिइँदैन । न नै सरकारले किसानलाई कुनै पनि किसिमको न्यूनतम स्तरको सुविधा दिन्छ । भारतको पञ्जाबमा गत वर्ष गएकी थिएँ । त्यहाँ जाँदा थाहा पाए त्यहाँ त पञ्जाब सरकारले सिँचाईको लागि निशुल्क मिटर र पम्पसेट राखि दिँदो रहेछ ।

नेपालजस्तो देशमा अन्तर्राष्ट्रिय दलाल पुँजीपतिहरूले नवउपनिवेशी एवं विस्तारवादीसँग मिलेर दलाल सत्ताको कब्जामा रहेको देशलाई सस्तो दाममा दास उत्पादन गर्ने थलो बनाएर नेपाल र नेपाल जस्तो अरु देशलाई परनिर्भर सुई र लसुन पनि उत्पादन नगर्ने देश बनाइ दिन्छन् । नेपाल दलाल सत्ताधारी र नवउपनिवेशबाट मुक्त नहुँदासम्म कंगोजस्तै सुनको थालीमा बसेर कटौरामा भिख माग्ने कंगोलीजस्तै नेपाल पनि प्राकृतिक स्रोत साधनले सम्पन्न मुलुकका बाबजुद पनि गरिबीमा पिल्सिएर रातो बाकस हुन बाध्य भइरहने छ । दलाल सत्ताले नवउपनिवेशसँग कमिसन खाएर नेपालमा न जल क्रान्ति, न कृषि क्रान्ति, न जडीबुटी क्रान्तिजस्ता सबै क्रान्तिलाई बन्धक बनाएर एकातिर आफू कमिसनखोर अरबपति हुने र अर्कोतिर नेपाली जनतालाई रातो बाकस एवं सस्तो दास बनाउने धन्दा बाहेक फरक काम केही गर्ने वाला छैन । नेपाललाई रातो बाकस बनाउने दलाल सत्ताले कोशी, गण्डक, महाकाली बेचेर नपुगी अब नेपालको बचेखुचेको सार्वभौमसत्ता समेत बेचेर नेपालमा एमसीसी ल्याउने र मुलुक र जनतालाई स्वीजरल्याण्डको सपना देखाएर अफगानिस्तान बनाउने दौडमा अमेरिकालाई बोलाउँदै गर्दा पनि देश जाग्ने बेला भएन र ?, व्यवस्था बदल्ने बेला भएन र ? युवाहरू जाग्ने बेला भएन र ?

## भीषण बाढी पहिरोको कारण ब्राजिलमा २०४ को मृत्यु, कयौं बेपत्ता

**काठमाडौं ।** ब्राजिलको रियो डि जेनेरियो राज्यको पर्यटकीय सहर पेट्रोपोलिमा केही दिनदेखि परेको भारी वर्षापछि आएको बाढी र पहिरोमा परेर कम्तीमा पनि २०४ को ज्यान गएको स्थानीय अधिकारीले बुधबार दिएको जानकारीमा उल्लेख छ ।

रियो डि जेनेरियो राज्यबाट ६८ किलो मिटर उत्तरमा अवस्थित पेट्रोपोलिस नगरपालिकामा जारी यस बाढीमा परेर अरु कम्तीमा ५१ अझै पनि हराइरहेका उनीहरूले जानकारी दिएका छन् ।

यस क्षेत्रमा सबैभन्दा तीव्र वर्षा फेब्रुअरी १५ मा रेकर्ड गरिएको थियो । त्यस दिनको वर्षा सन् १९३२ पछिको सबैभन्दा बढी थियो । वर्षाका कारण यहाँ मानवीयका साथै अन्य भौतिक सम्पत्तिमा पनि क्षति पुगेको बताइएको छ । धेरै पटक भारी वर्षा भएको छ । हालको रेकर्ड गरिएको मृत्युको संख्या यस सहरको इतिहासमा सबैभन्दा धेरै हो । सन् १९८८ मा विनाशकारी भारी वर्षाको कारण १७१ व्यक्तिको मृत्यु भएको थियो ।

एक हप्ताभन्दा बढीदेखि भएको वर्षाका कारण बाढी पहिरोको प्रकोप जारी नै रहेको समेत बताइएको छ । स्थानीय अधिकारीले दिएको जानकारीअनुसार व्यापक वर्षाका कारण सडक बन्द भएका छन् भने ठूलो मात्रामा भौतिक सम्पत्तिमा पनि क्षति पुगेको छ ।

रियो डि जेनेरियो राज्यबाट ६८ किलो मिटर उत्तरमा अवस्थित पेट्रोपोलिस नगरपालिकामा जारी बाढीमा परेर कम्तीमा अन्य ८५ अझै पनि हराइरहेका उनीहरूले बताएका छन् । वर्षाका कारण सो भौतिक सम्पत्तिमा पनि क्षति पुगेको उल्लेख गरिएको छ ।

थुप्रै पटक भएको भारी वर्षापछि पछिल्लो भएको वर्षाबाट मृत्युको संख्या यो सहरको इतिहासमा सबैभन्दा धेरै हो । सन् १९८८ मा विनाशकारी भारी वर्षाको कारण १७१ व्यक्तिको मृत्यु भएको थियो । विगत आठ दिनदेखि भएको वर्षा र त्यसका कारण आएको बाढी पहिरोको प्रकोप जारी नै रहेको उल्लेख गरिएको छ ।

त्यहाँस्थित स्थानीय अधिकारीका अनुसार व्यापक वर्षाका कारण सडक बन्द भएका छन् र भने ठूलो मात्रामा भौतिक सम्पत्तिमा क्षति पुगेको छ । बाढी र डुबानका कारण हजारौं मानिस प्रभावित बनेका जानकारी दिँदै त्यहाँका उद्धारकर्मीहरूले सबैभन्दा बढी क्षति पेट्रोपोलिस सहरमा भएको बताएका छन् । दर्जनौं घर क्षतिग्रस्त भएका र सयौं मानिसलाई विद्यालयमा आश्रय दिइएको बताइएको छ ।

बाढी र डुबान प्रभावित सो क्षेत्रका मानिसले आफ्ना घर, ऐतिहासिक भवन र डाउनटाउन क्षेत्र सफा गर्न जारी राखेका बताएको छ । फोहोर संकलन गर्ने कम्पनीका अनुसार पहिरो र बाढीबाट हालसम्म करिब ६२० टन माटो निस्किएको जानकारी दिएको छ भने विशेषज्ञहरूले जलवायु परिवर्तनको प्रभावले अहिले भारी मात्रामा वर्षा भइरहेको बताएका छन् ।

## बुर्किनाफासोको सुनखानीमा विस्फोट हुँदा ६३ जनाको मृत्यु

**काठमाडौं ।** बुर्किनाफासोको दक्षिणपश्चिमी प्रान्त जिबोबोरामा अवस्थित एक सुन खानीमा विस्फोट हुँदा कम्तीमा पनि ६३ जनाको ज्यान गएको छ ।

बुर्किनाफासोको दक्षिणपश्चिमी क्षेत्रमा सोमबार भएको विस्फोट परेर खानीमा काम गर्ने मजदुर तथा कर्मचारी दर्जनौं मानिस मारिएको र अन्य दर्जनौं मानिस घाइते भएको पनि समाचार एजेन्सीहरूले उल्लेख गरेका छन् ।

घाइतेमध्ये कैयौंको अवस्था गम्भीर रहेकाले मृत्यु हुनेको संख्या अझै बढ्न सक्ने स्थानीय अधिकारीले जानकारी दिएका छन् । त्यहाँको स्थानीय सरकारले विस्फोटनपछि उक्त सुन खानी तत्कालै बन्द गर्न आदेश दिएको छ ।

खानी सञ्चालनका क्रममा आवश्यक सुरक्षा मापदण्डको पालना गरे नगरेको विषयमा अनुसन्धानका लागि त्यहाँका प्रहरीले उक्त खानी सञ्चालन गर्ने व्यक्तिलाई पक्राउ गरेको जानकारी दिएको छ ।

## नेपाल आईसीसी पुरूष टी-ट्वान्टी विश्वकप छनोटको तेस्रो स्थानमा

**काठमाडौं ।** ओमनको मस्कटस्थित अल अमेरात क्रिकेट मैदानमा आयोजित प्रतियोगितामा नेपालले घरेलु टोली ओमनलाई नौ विकेटले पछि पार्दै आईसीसी पुरुष टी-ट्वान्टी विश्वकप छनोटअन्तर्गत ग्लोबल छनोट 'ए'मा तेस्रो स्थान हासिल गरेको छ ।

ओमानले दिएको ८८ रनको लक्ष्यलाई नेपालले १६ दशमलव २ ओभरमा १ विकेट गुमाएर पूरा गरेको हो । नेपालको जितमा कुशल भुर्तेलले अर्धशतकीय इनिङ्स खेले । कुशलले अविजित रहँदै ५५ रन बनाए । त्यसैगरी आरिफ शेख २१ रनमा अविजित रहे भने आसिफ शेख १३ रनमा आउट भए ।ओमानका जिसन मक्सुदले १ विकेट लिए ।

टस जितेर त्यसअघि पहिले ब्याटिङ गरेको ओमानले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ८७ रन बनाएको थियो । ओमानका लागि जिसन मक्सुदले सर्वाधिक २१ रन बनाए । यस्तै अयान खानले १६ तथा नसिम खुसीले १५ रनको योगदान गरे ।

नेपालका लागि कप्तान सन्दीप लामिछानेले सर्वाधिक ३ विकेट हात पारे । सागर ढकाल, आरिफ शेख, कमल सिंह ऐरी, अविनाश बोहराले एक-एक विकेट लिए । यसअघि मङ्गलबार भएको सेमिफाइनल खेलमा नेपाल युएईसँग पराजित भएपछि नेपालको विश्वकप खेल्ने सपना समाप्त भएको थियो ।

# एमसीसीविरुद्ध...

विरुद्धको संघर्ष गम्भीर मोडमा पुगेको सोही विज्ञप्तिमा उल्लेख गरिएको छ ।

नेपालको स्वाधिनता रक्षाको निम्ति एमसीसीलाई जुनसुकै मूल्यमा खारेजीको माग गर्दै विज्ञप्तिमा आफूलाई आन्दोलित गरिरहेका नेपाली जनताका अगाडि जनसंघर्षको कार्यक्रमलाई उच्च र व्यापक बनाउने कर्तव्य हुन आएको उल्लेख छ । अमेरिकी सहयोग परियोजना एमसीसीको विरोधमा आइतबार बिहानैदेखि प्रदर्शन भएको थियो ।

एमसीसीको विरोधमा उत्रिएका जनतामाथि देउवा नेतृत्वको गठबन्धन सरकारले नयाँ बानेश्वरचोकमा व्यापक दमन गरेको छ । एमसीसीविरुद्ध सत्तासाझेदार नेकपा माओवादी केन्द्रसहित, एकीकृत समाजवादीका भ्रातृ संगठनहरूले संसद भवनलाई केन्द्रित गरी सार्क भवनअगाडि राखेको विरोध कार्यक्रमका सहभागीहरूमाथि प्रहरीले जथाभावी कुटपिटसहित पानीका फोहोरादेखि रबरका गोली प्रहार गरेको हो ।

बानेश्वर क्षेत्रमा विरोध भइरहेकै अवस्थामा शीर्ष नेताहरूबीच संसदमा एमसीसी टेबल गर्ने सहमति भएको खबर आएपछि विरोध प्रदर्शनले झनै उग्र रूप लिएको लियो । प्रहरीले एभरेस्ट होटल नजिक सडकमा बार राखेर प्रदर्शनकारीलाई संसद भवनतर्फ बढ्न अवरोध तोड्दै प्रदर्शनकारीले संसद भवनतर्फ अघि बढ्न थालेपछि प्रहरीले पानीको फोहोरा, अश्रुग्याँस र रबरको गोली हान्यो र प्रदर्शनकारीले प्रहरीतर्फ ढुंगा र ईंट्टा प्रहर गरेका थिए ।

नयाँ बानेश्वरका फाराकिला सडक भरिएका प्रदर्शनकारीले एमसीसी मुर्दावादको नारा लगाउँदै निषेधित क्षेत्र तोड्न प्रयास गर्दैगर्दा पूर्वप्रधानमन्त्री माधव कुमार नेतृत्वको एकीकृत समाजवादीसम्बद्ध विद्यार्थी संगठनले 'एमसीसी स्वाहा' भन्दै सडकमै होम गरेका थिए भने पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेकपा (माओवादी केन्द्र)सम्बद्ध भातृ संगठनका कार्यकर्ता प्रदर्शनमा सहभागी भइसकेका थिए । प्रदर्शनकारीले एमसीसी मुर्दावादको नारा लगाउँदै संसद भवन बानेश्वरतर्फ अघि बढ्नबाट रोक्न प्रहरीले एभरेष्ट होटल अगाडि तारजाली समेत तानातान हुँदा केही थान तारजाली खोसेर बिजुलीबजार पुऱ्याइदिए ।

प्रहरीको नियन्त्रणमा रहेको तारजाली खोस्न सक्दा प्रदर्शनकारी हौसिएर सुरक्षाकर्मीहरूमाथि पानीका बोतल, ढुंगामुढा प्रहार गर्न, कोही-कोही समूहमा बाँडिएर देउडा खेल्न त कोही-कोही जनवादी गीतमा नाच्न र कोही-कोही प्रदर्शनकारी निरन्तर प्रहरीसँग भिडिरहेका थिए भने भित्र संसद भवनमा एमसीसी अनुमोदनका लागि टेबल गर्नुअघि नेताहरूले बोलेर विरोध गरेका थिए ।

उतिनै बेला संसदभित्र अर्थमन्त्रीको तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले एमसीसी अनुमोदनका लागि प्रस्ताव पेश गर्दा सत्तारुढ माओवादी केन्द्रका सांसदले उठेर विरोध गरेका थिए भने केही मौन बसेका थिए । यसरी संसदमा एमसीसी टेबल भइरहँदा नयाँ बानेश्वरका सडकमा प्रदर्शनकारी र प्रहरीबीच चलेको घम्साघम्सी झनै चर्किएको थियो । प्रदर्शनकारीले सुरक्षा घेरा तोड्ने प्रयास गरे, प्रहरीले पानीको फोहोरा हान्यो र प्रदर्शनकारीले प्रहरीमाथि ढुंगामुढा गर्न थाले र निक्कैबेरको छिनाझम्टीपछि निषेधित क्षेत्र तोड्न खोज्ने प्रदर्शनकारीमाथि प्रहरीले लाठी र पानीको फोहोरा वर्षा भयो ।

प्रहरी र सशस्त्र प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहोरा हानेपछि एमसीसीको विरोध गरिरहेका प्रदर्शनकारीहरू झनै उग्र भए प्रहरीले दर्जनौं अश्रुग्यास समेत हान्यो । तर पनि प्रदर्शनकारी रोकिएनन् उल्टै प्रहरीले हानेको अश्रुग्यास जोखिम मोलेर उनीहरूतर्फ फालिदिए । प्रदर्शनकारीहरूले प्रहरीलाई दुवैतर्फबाट च्यापेर बानेश्वर चौकमै सीमित बनाएका थिए ।

सुरक्षाकर्मी र प्रदर्शनकारीबीच ढुंगा हानाहान हुँदा सडक मात्र होइन आसपासका घरहरूसम्म ढुंगा पुगेका थिए । सुरक्षाकर्मी र प्रदर्शनकारीबीच अश्रुग्यास, लाठी, पानीको फोहोरा र ढुंगा हानाहान भएपछि बानेश्वर चोक रणभूमि जस्तै बनिरहँदा सांसदहरू भने एमसीसी टेबल गरीवरी आ-आफ्ना घर-कोठातर्फ लागिसकेका थिए ।

प्रहरीले बानेश्वरबाट लखेटेर बिजुलीबजारसम्म पुऱ्याए तर प्रदर्शनकारीले सडक छाडेनन् उल्टै ढंगामुढा गरे फेरि प्रहरीले रबरको गोली चलाए, फुटपाथमा रहेका सर्वसाधारणमाथि पनि लाठी बजारे र नयाँ बानेश्वर क्षेत्र रणमैदानजस्तै देखियो ।

**सत्ताधारी सांसदकै विरोधमा एमसीसी टेबल**

प्रतिनिधिसभामा अमेरिकी सहयोग परियोजना एमसीसी अनुमोदनका लागि टेबल हुँदा सत्ताधारी दलकै सांसदहरू नै विरोधमा उत्रिएका छन् । सभामुख अग्निप्रसाद सापकोटाले अर्थमन्त्रीका तर्फबाट एमसीसी सम्झौता टेबल गर्न सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई समय दिँदै गर्दा सांसदहरूले नाराबाजी गरेर त्यस्को चर्को विरोध गरेका थिए ।

कार्कीले सम्झौता टेबल गर्न प्रस्ताव गर्दा सत्ताधारी प्रचण्ड नेतृत्वको नेकपा माओवादी केन्द्र र नेपाल नेतृत्वको एकीकृत समाजवादीका केही सांसदले उठेर विरोध गरेका थिए । यसैबीच माओवादी अध्यक्ष दाहाल छेउकै कुर्सीमा बसेका नेता कृष्णबहादुर महराले उभिएर एमसीसीको विरोध गरेका थिए । सोही क्रममा गिरिराजमणि पोखरेलसहित केही सांसदले पनि उठेर विरोध गरे ।

यसैगरी नेकपा एसका सांसदहरूको अवस्था पनि उस्तै थियो । एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल लगायतले एमसीसीविरुद्ध नाराबाजी गरेका थिए ।

आइतबार प्रतिनिधिसभाको बैठक सुरु हुँदादेखि नै नेकपा एमालेका सांसदहरूले रोष्ट्रममा नाराबाजी गरेका थिए । पहिलेदेखि नै एमसीसीको चर्को विरोध गर्दै आएका एमालेका नेता भीम रावलले सञ्चारमन्त्री कार्कीले एमसीसी सम्झौता अनुमोदनका लागि प्रस्ताव पेश गर्न रोष्ट्रममा पुगेपछि भने उठेर नाराबाजी गरेका थिए ।

एमसीसी अनुमोदनका लागि टेबल गर्न प्रस्ताव गर्दा नेमकिपाका प्रेम सुवाल, जनमोर्चाकी दुर्गा पौडेललगायतले पनि उठेर विरोध गरेका थिए ।

**वजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्धत पुऱ्याऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# निर्वाचन...

सदस्यलाई पार्टी समिति, विभाग र निकायमा संगठित गर्नुपर्ने र एक संगठित सदस्य बराबर न्यूनतम दुई पार्टी सदस्य हुने गरी सदस्यता वितरणलाई व्यापक बनाउनु पर्नेछ भने आवश्यकताअनुसार नयाँ संगठित सदस्यता समेत वितरण गर्नुपर्नेछ ।

केन्द्रीय सदस्य वा प्रदेश पदाधिकारीको सहभागितामा प्रदेशको बैठक तत्काल बस्ने, जिल्ला समन्वय समितिको बैठक यही फागुन १२ गतेसम्म बसी आवश्यक सांगठनिक काम गर्न सर्कुलरमा निर्देश गरिएको छ ।

नगर र गाउँपालिकामा पार्टी केन्द्रीय सदस्य वा वरिष्ठ नेतृत्वको संयोजकत्वमा निर्वाचन परिचालन मूल परिचालन समिति बनाउनु पर्नेछ । निर्वाचनको तयारीलाई व्यवस्थित बनाउन तत्काल वडास्तरमा सङ्गठित सदस्यहरू, जबस मोर्चा र पेसागत सङ्गठनका नेताहरू, पार्टी समर्थक बुद्धिजीवी र विषय विज्ञ सम्मिलित निर्वाचन परिचालन समिति बनाउनुपर्नेछ । मूल समितिअन्तर्गत अध्ययन सर्वेक्षण तथा विश्लेषण, स्वयमसेवक परिचालन, सूचना सञ्चार तथा प्रचारको कामलाई व्यवस्थित गर्नुपर्नेछ ।

हरेक वडाको राजनीतिक, आर्थिक तथा सामाजिक अवस्थाको सङ्क्षिप्त रिपोर्ट तयार पार्ने, गत स्थानीय तहको निर्वाचनको मत परिणामको तथ्याङ्कगत आधारमा समीक्षा गर्ने र विजय पराजयको आधार र कारणको पहिचान गर्न निर्देशन दिइएको छ ।

वडामा सक्षम, इमानदार र लोकप्रिय उम्मेदवारको रोष्टर तयार पार्नसमेत माओवादीले सबै वडा समितिलाई निर्देशन दिएको छ । वडाका विकास निर्माणका आवश्यक योजनाको पहिचान र प्राथमिकीकरण गर्ने, आदिवासी, जनजाति, दलित, अल्पसंख्यक आदिको नामावली र अन्य आवश्यकताको पहिचान गर्ने एवं वडामा सकारात्मक प्रभाव पार्न सक्ने व्यक्तिको पहिचान गर्न सोही सर्कुलरमा भनिएको छ ।

सोही सर्कुलरमार्फत सबै वडा र टोलमा पार्टी कार्यालय वा सम्पर्क कार्यालय खोल्न समेत अध्यक्ष प्रचण्डले निर्देशन दिएका छन् ।

# अमेरिकी...

गर्न थाले । वि.सं. २०४७ मा खानी तथा भूगर्भ विभागले युरेनियम खानी रहेको तथ्य सार्वजनिक गरेको थियो । विभागको प्रारम्भिक अनुमानअनुसार तीनभंगाले भएर बग्ने खहरेको आसपास (स्थानीयका अनुसार विद्यालयको दक्षिण) १५ हजार टन युरेनियम छ र जसलाई प्रशोधन गर्दा झन्डै ३५ टन प्रशोधित युरेनियम उत्पादन गर्न सकिन्छ । ऊर्जा र परमाणु बम उत्पादनका लागि यसको प्रयोग हुन्छ । यो दुर्लभ र अमूल्य मात्र नभएर संवेदनशील धातु पनि हो । अमेरिकी ऊर्जा मन्त्रालयको एक जानकारीअनुसार १० ग्राम युरेनियम-२३५ को २० लाख ९ हजार डलर (करिब १८ करोड रूपैयाँ) पर्दछ । खानी तथा खनिज पदार्थ ऐन, २०४२ र नियमावली २०५६ का अनुसार सुन, हीरा र युरेनियमलाई 'जंगी खानी' भनिएकाले यी धातुहरूको अन्वेषण, उत्खनन र उत्पादन गर्ने अधिकार खानी तथा भूगर्भ विभागलाई मात्र छ ।

विभागका अनुसार शिवालिक क्षेत्रअन्तर्गत बुका खोला (सिन्धुली), चिरुवा खोला, चाँदे खोला, कालोपानी खोलन, धियाँल खोला (मकवानपुर), मामदमार खोला, पम्पा खोला (चितवन) मा युरेनियम विकिरण रहेको पत्ता लगाइएको छ । त्यसैगरी मकवानपुर, चुरेहिल छेडेर दक्षिण बग्ने चाँदे खोला (रौतहट), धन्सार खोला (बारा) मा पनि युरेनियम रहेको बताइन्छ । त्यसैगरी ककनी, पाँचपाने (नुवाकोट), मैलुङ खोला (नुवाकोट-रसुवा) शिवपुरी, टोखा (काठमाडौं), चरीकोट (दोलखा), चमेलिया खोला (बैतडी-दार्चुला), निम्ली गाड (बझाङ), जमारी गाड (बैतडी), कैलालीसहित शिवालिक क्षेत्रमा युरेनियम भएको तथ्य प्रमाणित भएको छ । त्यस्तै मुस्ताङ जिल्लामा युरेनियमको ठूलो भण्डार भएको अनुमान छ । त्यसैले भारत, अमेरिका, दक्षिणकोरिया, जर्मनीलगायतले युरेनियममा आँखा गाडेका छन् ।

आज विश्व नै पानी संकटमा परिरहेको छ । भारतको उडिसा राज्यमा पानी संकटको कारण कयौं गाउँ विस्थापित भएका छन् । अमेरिकी लगानीको पेप्सीकोला कम्पनी पानी संकट र स्थानीयको विरोधपछि कैयौं स्थानबाट उत्पादन बन्द गर्न बाध्य भएको छ । भारतका उत्तरप्रदेश र बिहार नेपालको पानीमा निर्भर छन् । भारतीय राजनीतिको केन्द्रमा यिनै दुई प्रान्त छन् । बहुराष्ट्रिय कम्पनी र भारतको जल संकट समाधानका लागि नेपालको विकल्प छैन । चीनले ब्रह्मपुत्र नदी मोड्ने गुरुयोजना (डाइभर्सन) सुरु गरेका कारण भारतमा ठूलो जलसंकट उत्पन्न हुँदैछ । चीन घेर्न अमेरिकालाई नेपाल आवश्यक पर्ने, नेपाल पस्न भारतको सहयोग आवश्यक पर्ने हुन्छ । भारतको सस्तो श्रम, सस्तो जमिन र विशाल बजारप्रति युरोप, अमेरिका र चीनको दौडधुप छँदैछ ।

भारतलाई रिझाउन र बहुराष्ट्रिय कम्पनीका लागि पानी आपूर्ति गर्न अमेरिकाले नेपालको पानीमा उत्तिकै आँखा गाडेको छ । एमसीसी परियोजनाको केन्द्रमा यिनै कारणले युरेनियम र जलस्रोत परेका छन् ।

*साराश*

देशभक्त र क्रान्तिकारी कम्युनिस्टहरूको सशस्त्र दबाबपछि एमसीसी चुनौती हाललाई टरेको छ र फातिमा सुमार रातोपिरो मुख पारेर फर्किइन् । उनले दातृ संस्थाहरूलाई प्रभावमा पारेर देखाइदिने धम्की पनि दिएको चर्चा छ । एसियाली विकास बैंक (ADB)मा जापान, विश्व बैंकमा अमेरिका र IMF मा युरोपियन युनियनको वर्चस्व छ । नेपालका मुख्य दाता यिनै हुन् । यी सबै दाता र नेतृत्वदायी देशहरू अमेरिकी गठबन्धनअन्तर्गतका देश हुन् । यत्रो दबाब समक्ष संसदवादी दलका नेताहरू टिक्ने आशा गर्नु आफैंमा अर्थहीन ठहर्छ ।

एकातिर निर्वाचन दैलोमा ढिम्किसकेको अवस्थामा दलहरूले जनता चिढ्याउन नचाहेको देखियो । कांग्रेस एक्लैले सदनबाट पारित गर्नसक्ने अवस्था छैन । एमालेले आफ्नो कार्यकालमा पारित गर्न नपाएपछि कांग्रेसलाई जस दिन तयार भएन र पूर्व माधव नेपाल गुटबाट आएकालाई बिच्क्याउन पनि चाहेन । माओवादी केन्द्रको अमेरिकासँग मोलतोल मिलेको छैन । यस्तो कमजोर धरातलमा हाललाई एमसीसी पारित नभएका कारण कुनै पनि बेला परिस्थिति उल्टिनसक्छ । त्यसैले नेपाललाई कुनै एक सैन्य गुटमा संलग्न गराउने, नेपालको भूमि छिमेकी देशका विरुद्ध प्रयोग गर्ने, नेपालको प्राकृतिक स्रोत (मूलतः पानी र युरेनियम) कब्जा गर्ने, उद्देश्यले ल्याइएको एमसीसी चुनौती हटेको छैन र गतिरोध मात्र भएको हो । त्यसैले जनप्रतिरोधलाई एकल र विभिन्न प्रकार र रूपमा संयुक्त मोर्चामार्फत प्रभावकारी बनाउन आवश्यक छ । एमसीसी सम्झौता र आणविक ऊर्जासम्बन्धी सरकारको पछिल्लो निर्णयले परिस्थितिलाई झन् जटिल र अन्योलपूर्ण नै बनाएको छ ।

परम्परागत ऋण सहयोग वा अनुदान सहयोग संसदबाट अनुमोदन गराउनुपर्ने कुनै कारण छैन । नेपालको प्रचलित कानुनलाई निष्क्रिय बनाउने र एमसीसी परियोजनालाई राज्यकीय शक्तिमाथि हाबी गराउने रणनीति अनुसार नै संसदबाट अनुमोदनको प्रावधान राखिएको हो । संसदबाट अनुमोदन भएपछि त्यसले कानुन सरह मान्यता प्राप्त गर्दछ । एमसीसी पारित भएमा नेपाल एमसीसी परियोजनासहित अमेरिकी गुटमा संलग्न देशका रूपमा चिनिनेछ जसलाई असंलग्न पराराष्ट्र नीतिको प्रतिकूल मानिनेछ । चीन नेपालको प्रत्यक्ष वैदेशिक लगानीमा पहिलो र अप्रत्यक्ष वैदेशिक लगानीमा दोस्रो देश हो । अमेरिका विश्व रंगमञ्चमा कमजोर र बदनाम बन्दै गएको छ । एमसीसीमा संलग्नताले नेपालको परम्परागत पराराष्ट्र नीतिमा विचलन मात्र आउनेछैन, नेपालको बदनामी र शक्तिकेन्द्रहरूको तानातानमा फस्नेछ । एमसीसी परियोजनाको आडमा पार्टी, बुद्धिजीवी, सञ्चार, कर्मचारी, सुरक्षा निकाय सबैतिर प्रभाव विस्तारमा अमेरिका लागेको देखिन्छ जसको कारण एमसीसीका पक्षमा जनमत बनाउने प्रयास तीव्र भएको छ । अर्कोतिर कानुनी प्रक्रिया पूरा नगर्दै क्रियान्वयनमा लगेर सार्वभौमिकतामाथि अतिक्रमण भएको छ । अमेरिकी दादागिरी भारतको सीमा अतिक्रमणभन्दा कम छैन । तसर्थ एमसीसी विकासे आयोजना नभएर अमेरिकी फौजी हस्तक्षेपकै नयाँ स्वरूप हो । (स्वाभिमान)

# अमेरिकाद्वारा रूसमाथि प्रतिबन्ध

**काठमाडौं ।** युक्रेनमाथि हस्तक्षेप गरेको भन्दै अमेरिकाले रूसलाई प्रतिबन्ध लगाउने घोषणा गरेको छ । विद्रोहीको नियन्त्रणमा रहेको युक्रेनका दुई क्षेत्रलाई रूसले स्वतन्त्र भएको मान्यता दिएपछि अमेरिकाले रूसको भूमिकाप्रति आपत्ति जनाएको छ ।

कुनै देशको आक्रमणलाई रोक्न वा अन्तर्राष्ट्रिय कानुन उल्लंघन गरेको विरुद्धमा एउटा देशले अर्को देशलाई प्रतिबन्ध लगाउने प्रचलन रहेको छ । यसलाई आक्रमणकारी वा हस्तक्षेपकारी देशलाई दिने सामान्य सजायको रूपमा पनि लिइन्छ । यस्ता प्रतिबन्धले देशको अर्थतन्त्र र राजनीतिलाई बढी असर पर्ने र नेताले हस्तक्षेपकारी कदम थप अगाडि नबढाउने अपेक्षा गरिएको हुन्छ ।

अमेरिकाले गरेको प्रतिबन्धको घोषणाप्रति युरोपेलीसहित अन्य विभिन्न देश समेतले समर्थन जनाउँदै आफ्नो देशको तर्फबाट पनि प्रतिबन्ध लगाइएको घोषणा गरेका छन् ।

रूसले युक्रेनमाथि थप अतिक्रमण गरे अमेरिका र युरोपेली मुलुकले प्रतिबन्ध पनि थप गर्दै जाने चेतावनी दिएका छन् । उनीहरूले सूचना प्रविधिको सञ्जालबाट रुसलाई अलग्याउने, आर्थिक कारोबारको सञ्जालमा नराख्ने, रुसबाट ग्याँस तथा इन्धन खरिद नगर्नेलगायतका अभियान पनि ल्याउन सक्ने बताइएको छ ।

प्रकाशक: **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं